मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**आवश्यकता**
**पदः** पृष्ठ संयोजक/उपसम्पादक
**संख्याः** २
**जिल्ला संवाददाताः** ११
(सप्तरी-१, सिरहा-१, धनुषा-१ (सिटी रिपोर्टर), महोत्तरी-१, सर्लाही-१, रौतहट-३ (गौर, चपुर, गरुडा-कटहरिया), बारा-२ (निजगढ-सिमरा, कलैया), पर्सा-१ (ग्रामीण)
**योग्यताः** न्यूनतम प्रमाणतह उत्तीर्ण र पत्रकारितामा क्रियाशील एवम् अभिरुची भएको, इच्छुकले फागुन १५ गतेभित्र हस्तलिखित आवेदन, शैक्षिक प्रमाणपत्र र नागरिकताको प्रतिलिपि
madheshdristi@gmail.com मा इमेल गर्नुहोला ।

● वर्ष ३ ● अंक १०३ ● २०८१ साल फागुन ०९ गते शुक्रबार ● Friday 21, February 2025 ● सूर्योदयः बिहान ६:३६ बजे ● सूर्यास्तः साँझ ६:०१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# सागरनाथ परियोजनामा कर्मचारीकै अगाडि तस्करी

*वन ऐन, २०७६ मा राष्ट्रिय वन फाँड्ने कसुर गर्नेलाई पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । तर कानून पालना गराउने निकाय एवम् परियोजना कर्मचारीले खासै चासो नदिँदा सागरनाथमा तस्करको मनोबल अरु बढ्दै गइरहेको छ ।*




**ऋतिक अधिकारी**
**सर्लाही ।**
सागरनाथ वन क्षेत्रबाट व्यापक काठ तस्करी भइरहेको पाइएको छ । सागरनाथ वन विकास परियोजनाभित्रको सागरनाथ, हात्तीलेट, लक्ष्मिनिया, मूर्तिया जंगलमा व्यापक काठ तस्करी भइरहेको छ । पछिल्लो समय सागरनाथ वन विकास परियोजनाको अवस्था हेर्ने हो भने वन तस्करले व्यापक फँडानी गरेको पाइएको छ । सागरनाथ वन विकास परियोजनाका निमित्त प्रमुखसहित परियोजनाका अधिकृत, रेन्जर र वन हेरालु मौन देखिनुले उनीहरुको पनि संग्लग्रतामा परियोजनाभित्रको जंगलका काठ तस्करी भएको अनुमान गर्न सकिन्छ ।

सागनाथ वन विकास परियोजना शुरु भएको ४६ वर्ष पूगेको छ । शिशौ, मसलालगायत छिटो हुर्कने प्रजातिका बिरुवा रोपेर काठ उत्पादन बढाउने उद्देश्यले २०३५ सालमा सरकारले परियोजना शुरु गरेको हो । परियोजनाले सर्लाही, महोत्तरी र रौतहटमा १३ हजार ५ सय हेक्टर वन क्षेत्र ओगटेको छ । विकास समिति ऐन–२०१३ मा टेकेर सरकारले २०३३ सालमा वन पैदावार विकास समिति गठन गरेको थियो । २०३५ साउन ११ गतेको आदेशको पहिलो संशोधनपछि वन पैदावार विकास समिति अन्तर्गत सागरनाथ वन परियोजना स्थापना भएको हो । सागरनाथ वन विकास परियोजना एसियाकै दोस्रो ठूलो परियोजना हो ।

सम्पूर्ण वनकर्मीको अध्ययनथलो रहेको सागरनाथ वन विकास परियोजना नेपालकै सबैभन्दा ठूलो वृक्षारोपण र अफिस व्यवस्थापनको नमूना वनक्षेत्र सागनाथ वन विकास परियोजना हो । नेपाल सरकारलाई सबैभन्दा बढी राजस्व संकलन गर्ने संस्था सागरनाथ वन विकास परियोजना नै हो । तर अहिले यही परियोजनाका जंगलमा व्यापक काठ तस्करी भइरहेको छ । काठ तस्करीका कारण परियोजनाका कर्मचारीले करिब ११ महिनादेखि तलब पाएका छैनन् ।

सागनाथ वन विकास परियोजनाअन्र्तगत जंगलबाट व्यापक मात्रामा टिक, साल र खयरजस्ता रुखको तस्करी भएको छ । तस्करले परियोजनाका कर्मचारी अधिकृत, रेन्जर र वन हेरालु मौन देखिनुले पनि सबैसँग सेटिङ मिलाएर रुख काट्ने र ओसारपसार गर्ने गरेको स्थानीयले बताए । काटेर तयार पारिएका काठ दिउँसो, साँझ वा रातका समयमा तस्करले सवारी साधन प्रयोग गरेर लैजाने गरेको स्थानीय बताउँछन् । वन पैदावार विकास समितिमा अध्यक्ष नियुक्ति नहुँदा परियोजनाका कर्मचारी अधिकृत, रेन्जर, वन हेरालुलगायतका कर्मचारीकै अगाडिबाट काठ तस्करी भइरहेको स्थानीय सञ्जय यादव बताउँछन् ।

परियोजना प्रमुखमा सहसचिवको दरबन्दी भएकामा वन पैदावार विकास समितिका पूर्वअध्यक्षले आफ्नो इशारामा चल्ने सहायक अनुसन्धान अधिकृतलाई निमित्त परियोजना प्रमुख बनायर पठाएका थिए । निमित्त परियोजना प्रमुख खेमलाल बिक साउनमा तीन महिनाका लागि परियोजनामा आएका थिए । समय सकिए पनि निमित्त परियोजना प्रमुख अहिले पनि सागरनाथ वन विकास परियोजनामै छन् । उनलाई परियोजनाको चिन्ता नै छैन । निमित्त परियोजना प्रमुखले कार्यालयमा समय पनि दिँदैनन् । परियोजना प्रमुख बिकको देखाउने दाँत एउटा र गर्ने काम अर्को रहेको पाइएको छ । परियोजनाका जंगलबाट अहिले व्यापक मात्रामा बहुमूल्य काठ तस्करी भइरहेको छ । परियोजनामा स्थायी, करार र दैनिक ज्यालादारीका एक सय ७० कर्मचारी छन् । परियोजनाका कर्मचारीले परियोजनाको गस्तीसमेत नगरेपछि तस्करले व्यापक वन फँडानी गरेकोबाट पनि थाहा पाउन सकिन्छ । परियोजनाको सवारी साधनसमेत दुरुपयोग भइरहेको छ । परियोजनाको सवारी साधन वन गस्तीमा भन्दा पनि अरु नै काममा बढी प्रयोग हुने गरेको स्थानीय बताउँछन् ।

सागरनाथ वन विकास परियोजनाको सागरनाथ, हात्तीलेट, मूर्तिया, लक्ष्मिनिया जंगलमा अवस्थित परियोजना क्षेत्रमा तस्करले व्यापक फँडानी गरेको पाइएको स्थानीय विजय बहादुर लामाले बताए । तस्करले व्यापक फँडानी गरेको ठाउँमा रुखका जरा उखेल्न लगाउने गरेर बदमासी छोपछापमा कर्मचारी प्रयोग भइरहेका छन् । सागरनाथ क्षेत्रको ५ नम्बर टिक प्लट, ११ साल प्लट, २ नम्बर टिक प्लट, ६ नम्बर मसला प्लट, १२, १३, १४, १५ नम्बर साल प्लट, ७ नम्बर साल प्लट तथा ग्रीन बेल्ट, भक्तिपुर क्षेत्रको १८ नम्बर टिक प्लट, २१, २२, २३, २४ साल प्लट, भक्तिपुर क्षेत्रकै हरियो डाँडा मसला प्लटबाट तस्करले व्यापक फँडानी गरेका छन् । यस्तै, हात्तीलेट क्षेत्रको ८, १३ नम्बर मसला तथा साल प्लट, कुस्माडी क्षेत्रको ८ मसला, ३ ए खयर प्लट, ३ डि साल प्लट, ४, ९, १० नम्बर साल प्लटमा पनि फँडानी भइरहेको छ । यस्तै, मूर्तिया क्षेत्रमा तस्करहरुले व्यापक फँडानी गरेका ठाउँमा चाली ६,७ प्लट, बालगंगा २, ३ नम्बर प्लट, जिरायत १७ नम्बर प्लटलगायतका परियोजनामा तस्करले व्यापक वन फँडानी गरेका छन् ।

सर्लाही र महोत्तरी क्षेत्रमा तस्करले परियोजनाका वनमा व्यापक वन फँडानी गरेका छन् । प्रतिबन्धित बहुमूल्य काठ काँटिदासमेत सरोकारवाला निकायलाई जानकारी गराउँदासमेत मौन देखिएका छन् । परियोजनामा काठ तस्करी हुँदा बिक्रीका लागि परियोजना परिसरमा थुपारेर राखिएको काठ बिक्री नभएको स्थानीय शंकर प्रसाद फुयाँल बताउँछन् । सागनाथ वन विकास परियोजनाका निमित्त परियोजना प्रमुख खेमलाल बिकले तस्करी कम गर्न परियोजना लागिपरेको बताए । तस्करी कम गर्न समय तोकेर भन्दा पनि छिटो तस्करी कम गर्ने प्रयत्न भइरहेको उनले बताए ।

वनजंगलमा तस्करी हुँदा पनि सम्बन्धित मन्त्रालय र वन पैदावार विकास समिति मौन छ । परियोजनामा सक्षम प्रमुख र कार्यकारी अध्यक्ष नियुक्त नभएसम्म सागरनाथ वन विकास परियोजनाको वन जङ्गलमा तस्करकै राज नै हुने स्थानीय बताउँछन् । परियोजनाका काठ बिक्री भए रकममध्येको २० प्रतिशत रकम उपदान कोषमा राख्ने व्यवस्था छ । काठ बिक्री नभएकाले उपदानसमेत दिन सकिएको छैन । कर्मचारीले जागिर सकिएपछि उपदान पाउने व्यवस्था भए पनि जागिरबाट अवकाश भएका २० जनाले उपदान पाएका छैनन् । २ जनाको उपदान आउने आस कुर्दाकुर्दै देहान्त भइसकेको छ ।

वन ऐन, २०७६ मा राष्ट्रिय वन फाँड्ने कसुर गर्नेलाई पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । तर कानून पालना गराउने निकाय एवम् परियोजना कर्मचारीले खासै चासो नदिँदा सागरनाथमा तस्करको मनोबल अरु बढ्दै गइरहेको छ ।

# मुकुम्लुङ केबलकार विरोधमा ऐक्यवद्धता पदयात्रा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री राजेन्द्र महतोको नेतृत्वमा बिहीबार ताप्लेजुङको फुङ्लिङ नगरपालिकाबाट पाथिभारा मन्दिरसम्म विरोध पदयात्रा भएको छ । पदयात्रामा तीनसय सहभागी भएका थिए । पार्टीका नेता रमन पाण्डय, अनुप सुब्बा, सिएम थारु, सन्तोष मेहता, चन्द्र प्रसाद राजवंशी, बेबी राजभण्डारी, स्थानीय नेताकार्यकर्ता, मुकुम्लुङ केबलकार संघर्ष समिति, विद्यार्थी, समाजसेवी तथा अन्य विभिन्न क्षेत्रका व्यक्तिको उपस्थिति थियो ।



पदयात्राको मुख्य उद्देश्य मुकुम्लुङ क्षेत्रमा निर्माण गर्न लागिएको केबलकार परियोजनाको विरोध गर्नु थियो । सहभागीले परियोजनाले स्थानीय सभ्यता, संस्कार, परम्परा तथा धार्मिक आस्थामा असर पार्ने भएकाले यसको विरोध जनाएका थिए । उनीहरूले स्थानीय संस्कृति र इतिहास संरक्षण गर्नुपर्नेमा जोड दिए ।

रमन पाण्डेयले भने, ‘मुकुम्लुङको चोल्लुङ सभ्यता बचाउन हामी मधेश, पहाड र हिमालका नागरिक एकजुट भएका छौँ । हाम्रो संस्कृति कुनै कमिसन र दलालीको खेलमा बिक्री हुन सक्दैन ।’ राजेन्द्र महतोले जोड दिए, ‘मुकुम्लुङको संस्कृति तथा चोल्लुङ सभ्यता नष्ट गर्ने कार्य कुनै पनि हालतमा सह्य हुने छैन । जबसम्म केबलकार निर्माण कार्य बन्द हुँदैन, तबसम्म हाम्रो संघर्ष जारी रहनेछ ।’

नेताहरूले नेपाल सरकारलाई सचेत गराउँदै केबलकार परियोजना रोक्न र स्थानीय सभ्यता जोगाउन आवश्यक कदम चाल्न आग्रह गरेका छन् । उनीहरूले राज्यले नागरिकका आवाजलाई नसुनेको खण्डमा आन्दोलन थप सशक्त बनाइने चेतावनी दिए ।

स्थानीयले पनि परियोजनाको कडा विरोध जनाए । उनीहरूको भनाइमा केबलकार परियोजनाले स्थानीय धार्मिक स्थलमा हस्तक्षेप गर्न सक्ने खतरा छ । स्थानीय बासिन्दा दावा लिम्बूले भने, ‘मौलिक धर्म, संस्कृति, सभ्यता तथा पहिचान रक्षा गर्नु हाम्रो कर्तव्य हो । केबलकार परियोजनाले हाम्रो सांस्कृतिक अस्तित्वलाई धम्क्याइरहेको छ ।’

केबलकार परियोजना कार्यान्वयन भए यसले पर्यटन प्रवद्र्धन गर्न सक्ने सम्भावना छ । तर स्थानीय संस्कृति र सभ्यतामा पर्ने नकारात्मक प्रभावलाई लिएर स्थानीय चिन्तित छन् । उनीहरूका अनुसार, परियोजना सञ्चालनक्रममा वातावरणीय प्रभाव, धार्मिक स्थलको अवमूल्यन तथा सामाजिक संरचनामा असर पर्ने सम्भावना छ ।

विश्लेषकहरूका अनुसार, सरकारले स्थानीयसँग छलफल गरी परियोजनाको दीर्घकालीन प्रभावहरूबारे स्पष्ट हुनुपर्ने देखिन्छ । उचित परामर्शविना परियोजना अघि बढाउने हो भने यसले सामाजिक असन्तुष्टि निम्त्याउन सक्छ । पदयात्राले मुकुम्लुङ क्षेत्रमा केबलकार परियोजनाको विरोधमा स्थानीय तथा राष्ट्रिय नेताको ऐक्यवद्धता देखाएको छ । नेपाल सरकारलाई परियोजना रोक्न अनुरोध गर्दै स्थानीय सभ्यता जोगाउन आवश्यक कदम चाल्न आग्रह गरिएको छ ।

स्थानीय समुदाय, नागरिक समाज तथा राजनीतिक दलहरूबीच व्यापक छलफल गरी मात्र परियोजनाको भविष्यबारे निर्णय गर्नुपर्नेमा विज्ञहरुले जोड दिएका छन् । अन्यथा, आन्दोलन थप चर्किन सक्ने चेतावनी प्रदर्शनकारीले दिएका छन् ।

# पृतनापति समन्वयात्मक बैठक

**काठमाडौँ ।**
रक्षामन्त्री मानवीर राईले राष्ट्र सेवाप्रति देखाएको अविचलित समर्पण भावबाट नेपाली सेना नेपाली जनताको आस्था र भरोसाको धरोहरका रूपमा स्थापित भएको बताएका छन् । बिहीबारदेखि शुरु दुईदिने पृतनापति समन्वयात्मक बैठक–२०८१ लाई सम्बोधन गर्दै उनले जलवायु परिवर्तनबाट सिर्जित चुनौती, प्रविधिलगायत कृत्रिम बौद्धिकताले निम्त्याउन सक्ने चुनौतीलाई समेत सुक्ष्म रूपमा अध्ययन गर्नुपर्ने बताए ।



रक्षामन्त्री राईले विश्वको बदलिँदो भूराजनीतिक परिवेश, ध्रुवीकरण र हालको अन्तर्राष्ट्रिय परिवेश तथा विभिन्न स्थानमा चलिरहेको द्वन्द्वले हाम्रो देशमा पनि कुनै न कुनै प्रभाव पार्ने उल्लेख गर्दै त्यसका लागि सदैव चनाखो हुनुपर्ने बताए ।

प्रधानसेनापति अशोकराज सिग्देलले नेपालको संविधानले निर्दिष्ट गरेका जिम्मेवारी तथा राष्ट्रिय सुरक्षा नीतिले औँल्याएका अन्तर्निहित कार्य सम्पादन गर्न नेपाली सेना सदैव प्रतिबद्ध रहेको बताए । उनले हालको विश्व सुरक्षा परिस्थिति बहुआयामिक दृष्टिकोणले थप संवेदनशील, जटिल र अन्योलपूर्ण बन्दै गइरहेको अवस्थामा आन्तरिक र बाह्य परिस्थितिमा आउन सक्ने उतारचढावले नयाँ प्रकृतिका सुरक्षा चुनौती सृजना हुने सम्भावना रहेको उल्लेख गरे ।

प्रधानसेनापति सिग्देलले भविष्यका सुरक्षा चुनौतीलाई सामना गर्न विभिन्न रणनीति तथा समन्वय प्रणालीलाई समयानुकूल विश्लेषण गरी प्रभावकारी उपायहरू पहिल्याउन सम्मेलन सहयोगी सिद्ध हुने विश्वास व्यक्त गरे । नियमित अर्धवार्षिक रूपमा सञ्चालन हुने बैठकमा आआफ्नो जिम्मेवारी क्षेत्रको वस्तुस्थिति, सम्पादन गरेका कार्यको समीक्षा एवम् सुझाव प्रस्तुत गर्ने कार्यक्रम रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । सम्मेलनमा नेपाली सेनाका विभिन्न विभाग, महानिर्देशनालय, निर्देशनालयका प्रमुखका साथै पृतनापतिको सहभागिता छ ।

कार्यक्रममा बलाधिकृत, बलाध्यक्ष, रथीवृन्द, निमित्त रक्षा सचिव एवम् रक्षा मन्त्रालय र नेपाली सेनाका अधिकृतको उपस्थिति थियो ।



# बेचविखन तथा ओसारपसार संशोधन विधेयक पेस गरिने



**काठमाडौँ ।**
मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न मन्त्रिपरिषद्को बैठकले स्वीकृति प्रदान गरेको छ । मन्त्रिपरिषद्को फागुन ६ गते बसेको बैठकले यस्तो निर्णय गरेको हो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बिहीबार सञ्चारमन्त्री एवम् नेपाल सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले मन्त्रिपरिष्दले निर्णय गरेका १३ निणर्य सार्वजनिक गरेका हुन् ।

मन्त्रिपरिषद् बैठकका निर्णयमा सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ र एउटै प्रकृतिको कामका लागि स्थापना भएका अलगअलग संरचना गाभ्ने, खारेज गर्ने वा हस्तान्तरण गर्नेसम्बन्धी अध्ययन प्रतिवेदन, २०८१ ले सिफारिस गरेका सुझाव कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवको संयोजकत्वमा सुझाव कार्यान्वयन उच्चस्तरीय कार्यदल गठन गर्ने निर्णय रहेका छन् ।

सरकारले नेपाल खानेपानी संस्थानको महाप्रबन्धक पदमा अर्जुनबाबु ढकाललाई नियुक्त गर्ने निर्णय गरेको छ । नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक रवीन्द्र केसीको राजीनामा स्वीकृत गर्ने, संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार परिषद्को ५८औँ नियमित सत्रअन्तर्गत फागुन १२ गतेदेखि १४ गतेसम्म स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने ‘हाई लेभल सेग्मेन्ट’मा सहभागी हुन परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाको भ्रमण स्वीकृत गर्ने निर्णय रहेको मन्त्री गुरुङले जानकारी दिए ।

यसैगरी, सरकारका नाममा दर्ता रहेको सरकारी जग्गामा प्रसूति गृह निर्माण, स्वास्थ्य चौकी भवन निर्माण, वडा कार्यालय भवन निर्माण र आयुर्वेद औषधालय भवन निर्माणका लागि मायादेवी गाउँपालिका, रुपन्देहीलाई उपयोग गर्न स्वीकृत दिने रहेको छ ।

सरकारको नाममा दर्ता रहेको सार्वजनिक प्रकृतिको जग्गा जिल्ला प्रहरी कार्यालय रुकुमपूर्वलाई प्रयोग गर्न स्वीकृति दिने, सरकारको नाममा दर्ता रहेको सार्वजनिक प्रकृतिको जग्गा बहुउद्देश्यीय पोलिटेक्निकल इन्टिच्युट (व्यवसायी प्रशिक्षण केन्द्र) भवन निर्माण प्रयोजनका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई प्रयोग गर्न स्वीकृति दिने, नेपाल सरकार र ओमान सरकारबीच हुने पर्यटन क्षेत्रमा सहयोग आदानप्रदानसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने, नेपाल र संयुक्त अमेरिकाबीच हुने पुरातात्विक तथा समुदायको संस्कृतिसँग सम्बन्धित सामग्रीको ओसारपसार र आयात प्रतिबन्धसम्बन्धी सम्झौता स्वीकृत गर्ने मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको छ ।

यस्तै, जर्मनीको बर्लिनमा आयोजना हुने पर्यटन मेला इन्टरनेश्नल टुरिजम बोर्ड आइटिबी बर्लिन–२०२५ र फ्रान्समा आयोजना हुने ७५औँ अन्नपूर्ण दिवसमा फागुन २० गतेदेखि २४ गतेसम्म सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेलाई स्वीकृत प्रदान गर्ने, औद्योगिक व्यवसाय (पहिलो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने, विसं २०८२ वैशाख १ गतेदेखि चैत मसान्तसम्म वर्षभरि दिइने सार्वजनिक बिदा तथा कार्यालय समय निर्धारण गर्ने तथा सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको छ ।

### आयोग व्यवस्थित गर्न कानुन संशोधन आवश्यक

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले समावेशी आयोगको कार्यक्षेत्र व्यवस्थित गर्न कानुन संशोधन आवश्यक रहेको बताएका छन् । राष्ट्रिय समावेशी आयोगद्वारा ‘आयोग दिवस–२०८१’ का अवसरमा बिहीबार ललितपुरमा आयोजित कार्यक्रममा मन्त्री गुरुङले समावेशी आयोग संवैधानिक व्यवस्थाअनुरुप स्थापित भए पनि कार्यक्षेत्र स्पष्ट नभएकाले यसलाई व्यवस्थापन गरिनुपर्नेमा जोड दिए । ‘कुनै समुदायले दोहोरो सुविधा पाउने, कुनैले नपाउने अवस्था छ, थर र उपथरका आधारमा मधेशी आयोग तथा थारु आयोग दुवैबाट सुविधा लिनसक्ने अवस्था पनि छ, विभिन्न आयोगका दिवस मनाइरहँदा यस्ता कुरामा ध्यान दिनु आवश्यक छ,’ मन्त्री गुरुङले भने । पिछडिएका समुदायको आर्थिक, सामाजिक स्तर उकास्न र मूलधारमा उनीहरुको प्रतिनिधित्व गराउन आयोगको भूमिका महत्त्वपूर्ण भएको उल्लेख गर्दै उनले अहिले समावेशी आयोगको कार्यक्षेत्र ठूलो र अस्पष्ट छ भने ।

‘राज्यको मानसिकता आयोग बोझ भए भन्ने छ, तर यसलाई हामीले व्यवस्थापन गरेर हाम्रो मुलुकभित्र सबै जातजातिलाई एकत्रित बनाएर राख्न, सबैलाई अधिकार दिन, राज्यको जिम्मेवारी पूरा गर्दै पछाडि परेका समुदायको हकअधिकार सुनिश्चित गर्न ध्यान दिनुपर्छ,’ मन्त्री गुरुङले भने । उनले विविधताभित्र एकता कायम गर्न नीतिगत व्यवस्थाका लागि यस्ता आयोग स्थापना भएका बताए ।

‘विकास, सामाजिक तथा सांस्कृतिक हिसाबले भएको असमानता हटाउने, समानताका माध्यमबाट समावेशी र समतामूलक समाज निर्माण गर्ने लक्ष्य छ, त्यसपछि समाजवादको आधार तयार हुन्छ,’ उनले भने । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले सिमान्तकृत समुदाय पिछडिएका समुदायलाई कसरी मूलधारमा ल्याउन सकिन्छ भनेर काम गर्न सुझाव दिए ।

‘समाजमा विभिन्न समुदायबीच जुन किसिमको खाडल छ, त्यसलाई समाधान गर्नु आवश्यक छ, सबै जातजातिलाई मूल प्रवाहमा ल्याउनुपर्छ । हामी सबै मिलेर जानुपर्छ, सबैको अधिकार संरक्षण प्रवद्र्धन गरेर अघि बढ्नु पर्छ,’ उनले भने । अध्यक्ष मगरले सबैको मानव अधिकार संरक्षण गरेर जाने प्रतिबद्धता व्यक्त गरे ।

समावेशी आयोगका कार्यबाहक अध्यक्ष विष्णुमाया ओझाले समावेशी आयोगले सम्पादन गरेका कामबारे व्याख्या गर्दै आयोगले आगामी दिनमा गर्ने कामका बारेमा जानकारी दिइन् । सामाजिक न्यायका लागि राज्यका स्रोतसाधनको वितरण गर्नुपर्ने उल्लेख गर्दै उनले आयोगले सीमित स्रोतसाधनबीच आफ्नोतर्फबाट हरसम्भव काम गरिरहेको बताइन् ।

राष्ट्रिय समावेशी आयोगका सदस्य हरिदत्त जोशीले आयोगले समावेशिताका लागि तोकिएको हकअधिकार संरक्षण गर्दै आएको बताए । उनले आयोगले आर्थिक रुपमा विपन्नको हकअधिकार संरक्षण गर्न पहल गर्ने बताए ।

आयोगमा कार्यरत नायब सुब्बा भोजराज अधिकारी, सवारी चालक विनोद महर्जन र कार्यालय सहयोगी रमा खनाललाई उत्कृष्ट कर्मचारीका रुपमा सम्मान गरिएको थियो । रासस

# नेशनल मेडिकलद्वारा सप्ताहव्यापी खेलकुद शुभारम्भ

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज स्थित नेशनल मेडिकल कलेजले आजबाट आफ्नो वार्षिक सप्ताहव्यापी खेलकुद कार्यक्रमको शुभारम्भ गरेको छ । कलेजले फागुन ८ गतेदेखि १५ गतेसम्म सप्ताव्यापी खेलकुद कार्यक्रमको आयोजना गरेको हो । कलेजको आफ्नै फिल्डमा आयोजित यो कार्यक्रमको उद्घाटन गर्दै कलेजका प्रबन्ध निर्देशक शाहनवाज अंसारीले खेलकुदको महत्वलाई जोड दिँदै विद्यार्थीहरूमा अनुशासन, सहकार्य र स्वास्थ जीवनशैलीको विकास हुने विश्वास व्यक्त गरे । यस प्रतियोगितामा फुटबल, भलिबल, क्रिकेट, टेबल टेनिस, ब्याडमिन्टन, बास्केटबल, बुद्धिचाल (चेस) जस्ता खेलहरू समावेश गरिएको छ । कलेजका भइस प्रिन्सिपल डा. रविशंकर गुप्ताले खेलकुद कार्यक्रमको उद्देश्य विद्यार्थीहरूलाई स्वास्थ्यप्रति जागरूकता र अनुशासन सिकाउनु रहेको बताए । सप्ताहव्यापी



खेलकुद कार्यक्रममा एमबिबिएस, बिडिएस, बीएमएलटी, बीएमआईटी र नर्सिङका विद्यार्थीहरूको सहभागिता रहेको थियो । कलेजका प्रिन्सिपल डा. के ऐन सिंहको अध्यक्षतामा सो कार्यक्रममा नेशनल मेडिकल कलेजका एकेडेमी डाइरेक्टर डा. नुसरत जहाँ अंसारी, एडमिसन एवम् मार्केटिङ डाइरेक्टर आबिद हुसैन अंसारी, हस्पिटल डाइरेक्टर डा. इसरत जहाँ अंसारी, डाइरेक्टर डा. रुबी यास्मिन, मेडिकल एजुकेशनका डाइरेक्टर प्रो. डा. ए.के. कौशी, डेन्टलका भइस प्रिन्सिपल प्रो. डा. सरोज देव, नर्सिङका डाइरेक्टर प्रो. गंगा गुरुङ, नर्सिङका भइस प्रिन्सिपल प्रो. डा. बबिता सिंह लगायतका विद्यार्थीहरूको उपस्थिति थियो । समापन समारोहमा विजेताहरूलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिने कलेजका प्रेस सलाहकार आशिक अंसारीले जानकारी दिए ।

# प्याब्सन अण्डर–१२ क्रिकेटमा कालिका एकेडेमी र विद्यासागर विजयी

**मधेशदृष्टि**
**वीरगंज ।**
प्याब्सन वीरगंज महानगर समितिको आयोजनामा जारी अण्डर–१२ क्रिकेट प्रतियोगिता अन्तर्गत बिहीबार भएको पहिलो खेलमा पर्साको ग्रामिण भेगमा रहेका स्कूल कालिका एकेडी विजयी भएको छ । वीरगंजस्थित ज्ञानदा एकेडेमीको मैदानमा भएको खेलमा एसआर ग्यालेक्सी वीरगंज १३ राधेमाईलाई हराउँदै २९ रनले हराउँदै कालिका एकेडेमी कालिकामाई गाउँपालिका २, भेडिहारी विजयी भएको हो । एसआर ग्यालेक्सीले टस जितेर



फिल्डिङ्ग रोजेपछि सुरुमा ब्याटिङ गरेको कालिका एकेडेमीले पुरै १० ओभर खेल्दै ६ विकेटको नोक्सानीमा १०९ रन बनाएको थियो । त्यसपछि ११० रनको लक्ष्य सहित जवाफी ब्याटिङमा उत्रेको एसआर ग्यालेक्सीले ७ ओभर मै पुरै विकेट गुमाउँदै ८० रनमै समेटिएपछि कालिका एकेडेमी विजयी घोषित भएको थियो ।

खेलको म्यान अफ द म्याच ५० रन बनाएर कालिका एकेडेमी कै सोनु साह भएका थिए । म्यान अफ द म्याच भएका साहलाई प्याब्सन मधेश प्रदेशका उपाध्यक्ष पुरण प्रधानले सिल वितरण गरेका थिए । यसैगरी अण्डर–१२ क्रिकेट प्रतियोगिता अन्तर्गत नै बिहीबारको दोस्रो खेलमा मुनलाईट स्कुल वीरगंजलाई हराउँदै विद्यासागर स्कुल वीरगंज विजयी भएको प्याब्सन वीरगंज महानगर समितिका अध्यक्ष राहुल श्रीवास्तवले जानकारी दिए ।

# ‘मुलुकमै केही गर्नुपर्छ भन्ने भाष्य स्थापित गरौँ’

**गोरखा ।**
नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नेपाललाई समृद्ध देश बनाउन सकिने आधार तयार हुँदै गएको बताएका छन् । गोरखाको पालुङटार नगरपालिका–१०, मिरकोटमा शुरु भएको चौथो मिरकोट कोटगढी महोत्सव–२०८१ को उद्घाटन गर्दै उनले देशभित्रै रोजगारीका अवसर सिर्जना गर्न योजनाबद्ध पहल थालिएको बताए ।

‘कृषि उत्पादन, पर्यटन विकास र आर्थिक क्रियाकलाप बढाउँदै युवाका लागि देशभित्रै रोजगारीका अवसर सिर्जना गर्न हाम्रो पार्टीले पनि योजनाबद्ध पहल थालेको छ,’ अध्यक्ष दाहालले भने, ‘नेपालमा धेरै कुराको सम्भावना रहेकाले युवालाई आफ्नै देशमा केही गर्नुपर्छ भन्ने भाष्यलाई बलियो गरी स्थापित गर्नु आवश्यक छ ।’

उनले देशमा कृषि क्षेत्रमार्फत रोजगारीका थुप्रै सम्भावना हुँदाहुँदै पनि गाउँहरू विस्तारै युवाविहीन हुँदै जानु, खेतीयोग्य जमिन बाँझो हुँदै जानु डरलाग्दो अवस्था भएकाले सबैपक्ष गम्भीर हुनुपर्ने बेला आएको उल्लेख गरे ।

‘आमजनताले आफ्ना छोराछोरीलाई विदेश होइन, आफ्नै माटोमा केन्द्रित गर्नेगरी सोच्ने बेला आएको छ,’ अध्यक्ष दाहालले भने, ‘राज्यले योजनाबद्ध पहल अघि बढाउने हो भने केही वर्षभित्र नेपाललाई सम्पन्न देश बनाउन सकिने प्रशस्त आधार बढ्दै गएको छ ।

’ आफूले सरकारको नेतृत्व गर्दा महत्त्वपूर्ण कामको थालनी गरेर नेपाली जनतालाई आशावादी बाटोमा अघि बढाउन सफल भएको भन्दै उनले स्पष्ट दृष्टिकोणका साथ काम गर्ने हो भने हाम्रै जीवनमा परिवर्तन सम्भव छ भन्ने उदाहरण दिनसक्ने गरी धेरै क्षेत्रमा सुधारको थालनी गरेको दाबी गरे ।

‘मैले सरकारले नेतृत्व गर्दा जलविद्युत् विकासमा जे योगदान गरेँ, त्यसले यो पुस्तालाई मात्र होइन, अर्को पिँढीलाई पनि समृद्ध बनाउने खाका तयार भएको छ,’ अध्यक्ष दाहालले भने, ‘नेपाललाई विद्युत् भार कटौतीमुक्त बनाउने मात्र होइन, १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात सम्झौतादेखि देशभित्र निजी क्षेत्रसँग विद्युत् उत्पादनको सम्झौता मैले थालेका नमुना काम हुन् ।’ रासस

# इन्दुशंकर चिनी उद्योगले गर्यो उखु किसानहरूको भुक्तानी

**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्लाको हरिवन नगरपालिका–८ स्थित इन्दुशंकर चिनी उद्योगले उखु किसानहरूलाई भुक्तानी गरेको छ । चालु सिजनको क्रसिङ पुस पहिलो साताबाट शुरु गरेको उद्योगले माघ ३० गतेसम्म करिब २३ लाख ४३ हजार क्विन्टल उखु प्रशोधन गरिसकेको छ । उद्योगका प्रशासकीय प्रबन्धक ठाकुर प्रसाद नेपालका अनुसार उद्योगले किसानहरूलाई उखु बिक्री गरेपछि एक हप्ताभित्रै भुक्तानी दिँदै आएको छ । हालसम्म किसानहरूलाई कुल १ अर्ब २२ करोड ३५ लाख ४४ हजार रुपैयाँ भुक्तानी गरिसकिएको छ । उखु प्रबन्धक योग नारायण रजकका अनुसार उद्योगले यस वर्ष अघिल्लो वर्षको तुलनामा ६ लाख क्विन्टल बढी उखु क्रसिङ गर्ने लक्ष्य राखेको छ । साथै, उन्नत जातको उखु बीउ वितरण, माटो परीक्षण, आधुनिक कृषि उपकरण हस्तान्तरण, उत्पादन प्रविधिको प्रशिक्षण, र स्थलगत अवलोकनमार्फत

किसानहरूलाई थप सक्षम बनाउने योजनासमेत अघि बढाइएको छ । सरकारले किसानलाई ७० रुपैयाँ प्रति क्विन्टल अनुदान दिने निर्णय गरेको छ भने उद्योगले ५८५ रुपैयाँ थपेर कुल ६५५ रुपैयाँ प्रति क्विन्टल भुक्तानी गरिरहेको छ । देशभरका चिनी उद्योगहरूमध्ये समयमै भुक्तानी गर्ने उद्योगका रूपमा इन्दुशंकर चिनी उद्योगले करिब १२ हजार किसानहरूसँग उखु खरिद गर्दै आएको जनाएको छ । यसैबिच सर्लाहीमा दुई दिनयता जङ्गली हात्तीको समूहले आतंक मच्चाइरहेको छ । महोत्तरीको गौशालातर्फबाट बाँके खोला पार गरी आएका पाँचवटा हात्तीले स्थानीय बस्तीमा व्यापक क्षति पु¥याएका छन् । लालबन्दी नगरपालिका–१७, रानिगन्जका किसान शिवहरि गौतमले व्यावसायिक रूपमा थालेको केरा खेती हात्तीको आक्रमणले तहसनहस बनेको छ । हात्तीले २०० भन्दा बढी केराको बोट नष्ट गर्नुका साथै वरपरका किसानको मकैबाली समेत सखाप पारेको छ । यसअघि मंगलबार राति ईश्वरपुर नगरपालिका–१३, ढापटोलमा हात्तीको समूहले ८६ वर्षीया धनमाया तामाङको कच्ची घर भत्काइदिएको थियो । दिनहुँ दोहोरिने यस्ता घटनाले स्थानीयवासी त्रसित भएका छन् । हात्ती आतंक रोकथामका लागि सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने स्थानीयवासीको माग छ ।

# ‘भन्सार चलाउन स्वविकेकीय अधिकार चाहिन्छ’

**काठमाडौँ ।**
भन्सारसम्बन्धी कानून संशोधन तथा एकीकरण गर्न बनेको विधेयकमा भन्सार अधिकृतलाई कतिपय विषयमा स्वविवेकीय अधिकार दिइनुपर्ने आश्यकता औँल्याइएको छ । प्रतिनिधिसभा अर्थ समितिको बैठकमा अर्थमन्त्रालयका (राजस्व) सचिव दिनेशकुमार घिमिरेले भन्सार प्रक्रिया विकेन्द्रित रुपमा परिचालित भएकाले सम्बन्धित अधिकारीलाई अधिकार प्रत्यायोजित नगर्ने हो भने कार्य सम्पादन गर्न चुनौती हुने धारणा राखे ।

सचिव घिमिरेले भने, ‘अन्तर्राष्ट्रिय रुपमा व्यपार सहजीकरण गर्ने विन्दु भन्सार भएकाले केन्द्रिकृत हिसाबले त्यस्ता अधिकार राख्दा व्यापारिक सहजीकरणको मूल उद्देश्यको प्रतिबद्धताअनुरुप अघि बढ्न चुनौती हुन्छ । त्यसैले स्वविवेकीय अधिकारको प्रयोग गर्नुपर्ने आवश्यकता छ ।’

कानून निर्माणका सिलसिलामा अन्तर्राष्ट्रिय प्रतिबद्धता जाहेर गरेका विषयलाई सोहीबमोजिम समायोजन र परिमार्जन गर्न आवश्यक रहेको उनको भनाइ थियो । सरकारले भन्सारका प्रक्रियालाई सरल, प्रभावकारी र प्रविधिमैत्री तुल्याउँदै वैध व्यापारको सहजीकरण तथा अवैध व्यापारको प्रभावकारी नियन्त्रण भन्सारसम्बन्धी विधेयक ल्याएको हो ।

भन्सार प्रक्रियालाई व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सहज तथा सुरक्षित बनाउन र राजस्व सङ्कलनमा दक्षता तथा प्रभावकारिता अभिवृद्धि गर्ने विधेयकको उद्देश्य छ ।

मुलुकको आर्थिक विकासमा टेवा पुर्‍याउन आवश्यक भएको तथा नेपालको भन्सार प्रक्रियाको सरलीकरण एवम् सामञ्जस्यीकरणसम्बन्धी महासन्धीमा सम्मिलन गरिसकेकाले सोबमोजिमका प्रावधानलाई कानूनमा व्यवस्था गरी कार्यान्वयन गर्न तथा स्वदेशी उद्योग सङ्घको संरक्षण, निकासी प्रवद्र्धन र प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न कानून निर्माणपछि योगदान पुग्ने विश्वास गरिएको छ ।

विधेयकका एक सय १७ बुँदामा १७ सदस्यको संशोधन रहेको छ । त्यसमध्ये धेरै सशोधनकर्ताले आफ्नो संशोधन प्रस्तावको प्रतिरक्षा गर्दै भनाइ राखे । यसअघि दुई बैठकमा समितिले संशोधनकर्तासँग छलफल गरेको थियो । समितिले अब विधेयकमाथि दफावार छलफल चलाउनेछ ।

बैठकमा समितिका सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले विषय केन्द्रित छलफल र निर्णयमा आधारित बैठक सञ्चालन गरी समयसीमा तोकेर कानून निर्माण तीव्र रुपमा अघि बढाउनुपर्ने आवश्यकतामा जोड दिए । अर्का सदस्य विराजभक्त श्रेष्ठले सांसदको मुख्य कर्तव्य र दायित्व नीति तथा विधि निर्माण गर्ने भए पनि कानून निर्माणको हालसम्मको उपलब्धि निराशाजनक नै रहेको धारणा राखे ।

समितिका सदस्य गणेश पराजुलीले भन्सारबाट सङ्कलन भएको राजस्व पुरापुर राज्यको ढुकुटीमा जाने स्पष्ट कानूनी व्यवस्था र दण्डसजाय नहुँदा देशको राजस्व घट्ने तथा व्यक्तिको खल्ती मोटाउने अवस्था बनिरहेकाले व्यापक सुधारको खाँचो औँल्याए ।

समितिकी अर्की सदस्य रमा कोइरालाले न्यून आय भएका व्यक्तिको जीवन चलाउन दैनिक आवश्यकपर्ने थोरै परिणाममा खाद्यान्न ल्याउने पक्राउ गर्ने तर ठूलो ट्रकमा लाखौँ मूल्य पर्ने सामान मिलेमतोमा छाड्ने प्रवृत्ति रोक्न प्रभावकारी कानुन आवश्यक रहेको बताइन् । अर्का सदस्य मनिष झाले कर नीतिलाई पारदर्शी तुल्याउनपर्ने तथा लक्जरी वस्तु र सामानमा छुट दिने परम्परा अन्त्य गरिनुपर्ने धारणा राखे । उनले भने, ‘औषधिमा पो छुट चाहिन्छ, मोबाइल, प्राडो गाडीमा किन छुट सुविधा ?’ रासस

## कर्पोरेट डेभलपमेन्ट बैंक लि.

### मुख्य कार्यालय, वीरगंजको धितोमा रहेको सम्पत्ति पुन:लिलाम बिक्रीको सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मितिमा राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने तथा १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा विभिन्न मितिमा १५ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुन:लिलाम सुचना प्रकाशित भएको **मितिले १६ औं दिन (१६ औं दिन बिदा परकोमा त्यसको लग्तै बैंक खुलेको दिन) अर्थात मिती २०८१/११/२५ गते आइतवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा आईपुग्ने गरी** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ।

तपसिल

| |
|---|
| **१. ऋणीको नाम, ठेगाना** |
| उधोग औधोगिक व्यवसाय ऐन २०४९ को दफा ३ ग र सोहि ऐनको दफा ५ अनुसार घरेलु/साना उधोग अन्तर्गत सोहि ऐनको दफा १० बमोजिम मिति २०७१ साल चैत्र महिना १७ गते रोज ३ मा नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यलय बीरगंजमा दर्ता घ.तथा सा.उ.का.प्र.फ.पर्सा.नं. ७४७४/०७१/७२ मा प्राप्त गरी जिल्ला पर्सा, बीरगंज वडा नं. १९ मा कार्यालय रहेको **शुभम पशुपालन फर्म।** |
| **ख) कर्जाको प्रकार:- कृषि आवधिक कर्जा** |
| **ग) कर्जाको सुरक्षण विवरण:** |
| राजकुमार राउतको नाति ,हरी राउत अहिरको छोरो जिल्ला बारा, गा.वि.स. बतारा, वडा नं ०४, हाल बिरगंज म.न.पा. वडा नं.१६ बस्ने (ना.प्रा.न. १२४४/१६४९ मिती २०५०/०४/०१ जि.प्र.का., बारा) **बर्ष ४८ को लालबाबु प्रसाद यादवको** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा नगवा वडा नं. १ स्थित किता नं. ३०३६ को जम्मा क्षेत्रफल ६९.५८ वर्ग मिटर को घरजग्गा। |
| **घ) व्यक्तिगत जमानीकर्ताहरु :** |
| १) हरी राउत अहिरको बुहारी, लालबाबु प्रसाद यादवको पत्नि, जिल्ला बारा, गा.वि.स. बतारा, वडा नं ०४, हाल बिरगंज म.न.पा. वडा नं.१६ बस्ने (ना.प्रा.न. ३३१०८७/१०९९,जारी मिती २०६५/०९/२५ जि.प्र.का, बारा) **बर्ष ४४ को अनिता देवि यादव।**<br>२) राज कुमार राउतको नाति, हरी राउत अहिरको छोरो जिल्ला बारा, गा.वि.स. बतारा, वडा नं ०४, हाल बिरगंज म.न.पा. वडा नं.१६ बस्ने (ना.प्रा.न. १२४४/१६४९,जारी मिती २०५०/०४/०१ जि.प्र.का, बारा) **बर्ष ४८ को लालबाबु प्रसाद यादव।** |
| **२. ऋणीको नाम, ठेगाना** |
| **क)** बैधनाथ मिश्रको बुहारी, फणिन्द्र कुमार मिश्रको पत्नि, जिल्ला सर्लाही गा.वि.स. हरकठवा वडा नं. ०२ हाल बीरगंज म.न.पा. वडा नं.१६ मा बस्ने (ना.प्र.न. ४०८७ ,जारी मिति २०५९/०७/२८, सर्लाही) बर्ष ४१ को अर्चना कुमारी मिश्र। |
| **ख) कर्जाको प्रकार:-घर कर्जा र व्यक्तिगत आवधिक कर्जा** |
| **ग) कर्जाको सुरक्षण विवरण:** |
| बैधनाथ मिश्रको बुहारी, फणिन्द्र कुमार मिश्रको पत्नि, जिल्ला सर्लाही गा.वि.स. हरकठवा वडा नं. ०२ ,हाल बीरगंज म.न.पा. वडा नं.१५ मा बस्ने (ना.प्र.न. ४०८७,जारी मिति २०५९/०७/२८, सर्लाही) बर्ष ४१ को अर्चना कुमारी मिश्रको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वीरगंज उ.प.म.न.पा. वडा नं. १९ स्थित किता नं. २७४,३०२(साबिक कित्ता नं. १००३) र ३०४ (साबिक कि नं.४५३) को जम्मा क्षेत्रफल क्रमश: ४५.२५, ५०.०० र ८४.६५ वर्ग मिटरको घरजग्गा । |
| **घ) व्यक्तिगत जमानीकर्ताहरु :** |
| १) जगिद्र मिश्रको नाति, बैधनाथ मिश्रको छोरा जिल्ला सर्लाही गा.वि.स. हरकठवा वडा नं. ०२ हाल बीरगंज म.न.पा. वडा नं.१६ मा बस्ने (ना.प्र.न. ३६४११९३०, जारी मिति २०५६/०४/२५, सर्लाही) बर्ष ४६ को फणिन्द्र कुमार मिश्र।<br>२) जगिद्र मिश्रको बुहारी, बैधनाथ मिश्रकी पत्नि जिल्ला सर्लाही गा.वि.स. हरकठवा वडा नं. ०२, हाल बीरगंज म.न.पा. वडा नं.१६ मा बस्ने (ना.प्र.न. ३६४३०७५२, जारी मिति २०४३/१०/०२, सर्लाही) बर्ष ६६ की शान्ति देवि। |
| **पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**<br>उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन : अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिकीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिकी गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिकी भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्रप्त नभई कम मूल्यमा बिकी भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पत्ति लिलाम बिकी गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा सकेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ। |

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिनको दिउंसो ३:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले१५(पन्द्र) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ। सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ। बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ फाल्गुन २३ गते शुक्रवार दिउँसो ३:०० बजे सम्म**

**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८१ फाल्गुन २५ गते आइतवार दिउँसो ४:०० बजे ।**

**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, बीरगन्ज, पर्सा।**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
**नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था**

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) विरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज।
टेडारोड, चोर्नी, (जीतपुर)।


# तीन वर्षभित्र भूमि समस्या समाधान गर्ने आयोगको प्रतिबद्धता



**मधेशदृष्टि**
**महोत्तरी।**
भूमि समस्या समाधान आयोगका पदाधिकारीले तीन वर्षभित्र भूमिसम्बन्धी समस्या समाधान गर्ने प्रतिबद्धता जनाएका छन् । बर्दिबासमा आयोगले बुधबार आयोजना गरेको सरोकार भएकाहरुसँगको मधेश प्रदेशस्तरीय अन्तक्रियामा आयोग पदाधिकारीहरुले यस्तो प्रतिबद्धता जनाएका हुन् । 'वर्तमान आयोगले आफ्नो कार्यकालको तीन वर्षभित्रै सबै भूमिहीन र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपत्र प्रदान गरीसक्ने छ', कार्यक्रममा आयोगका केन्द्रीय अध्यक्ष हरिप्रसाद रिजालले प्रतिबद्धता जनाउँदै भने, 'यस कार्यका लागि तीनै तहका सरकार, सरोकारवाला र सम्बद्धपक्षबीच समाधानमुखी सहकार्य भने अपरिहार्य छ ।' यसका लागि आयोगले अहिले भूमिसम्बन्धी वर्तमान समस्याको पहिचान, कामहरुको प्राथमिकीकरण र भूमिसम्बन्धी अध्यादेशको संशोधनका विषयमा केन्द्रित भई काम गरिरहेको उनको भनाइ छ । कार्यक्रममा आयोगका पदाधिकारीले भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीका व्यवस्थापनका सवालको मिंही विश्लेषण गरिँदै यसलाई तीन वर्षभित्र सक्ने तालिकामा काम थालिएको बताए । 'हामी समस्याकेन्द्रित भएर सूक्ष्म ढङ्गले तिनलाई केलाउँदै अघि बढ्दै छौँ', कार्यक्रममा आयोगका विज्ञ सदस्य जगत् बस्नेतले भने, 'खुला छलफल र अन्तक्रियाबाट समस्या पहिल्याउने क्रम जारी छ, कामलाई तालिकामा ढालेका छौँ', बस्नेत भन्छन्, 'तीन वर्षभित्र यी समस्या समाधान हुनेछन्, भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासी सबैले जग्गाधनी प्रमाणपत्र पाउने छन् ।' यसैगरी आयोगका केन्द्रीय सदस्य कृष्ण प्रसाईंले आयोगका जिल्ला पदाधिकारीहरुसँग भीडभाड र भनसुन केन्द्रित नभई कानुनअनुसार काम केन्द्रित भएर लाग्न आग्रह गरे । कार्यक्रममा आयोगका महोत्तरी अध्यक्ष पीताम्बर महतोले आयोगले निर्दिष्ट गरेको नीति अवलम्बन गरिँदै जिल्लाभित्रका भूमि समस्या समाधान गरिने अठोट व्यक्त गरे । मधेश प्रदेशका आठवटै जिल्लाका आयोगका पदाधिकारी, नापी तथा मालपोत कार्यालयका प्रमुख, भूमिविज्ञ र भूमिअधिकार आन्दोलनका अगुवाको सहभागिता रहेको कार्यक्रम आयोगका केन्द्रीय सदस्य तथा मधेश प्रदेश संयोजक आरती भण्डारीको अध्यक्षतामा सम्पन्न भएको हो । आयोगले धमाधम काम अघि बढेको बताएपछि महोत्तरीका वर्षौंवर्षदेखि जग्गाधनी प्रमाणपत्र नपाएका सुकुमबासी र अव्यवस्थित बसोबासीमा नयाँ आशा पलाएको महोत्तरीका भूमिअधिकार आन्दोलनका अगुवा राजकुमार बस्नेत बताउँछन् । रासस

# आँखा देख्न पाउने खुसीले दङ्ग काछबासी



**मधेशदृष्टि**
**महोत्तरी।**
बर्दिबास नगरपालिका–५ चुरेकाछको ढुङ्ग्रे गणन्ताकी ७० वर्षीया सेतीमाया तामाङले कैयनपटक प्रजातन्त्र दिवसका दिन हातमा झन्डा बोकेर 'जिन्दावाद' भनेको सम्झना भए पनि त्यससँग जोडिएका कुनै खुसी भने साँचेकी छैनन् । प्रजातन्त्र दिवसको अर्थ र महत्व नबुझेरै अरुले भनेकै भरमा 'जिन्दावाद' भन्ने गरेकी तामाङलाई यसपालि भने अब कहिल्यै नबिर्सने गरी यो दिनको सम्झना रहने भएको छ । प्रजातन्त्र दिवसको अवसर पारेर रोटरी क्लब अफ बर्दिबास, रोटरी क्लब अफ हेटौँडा र रोट्र्याक क्लब अफ हेटौँडाले काछबासीका लागि सञ्चालन गरेका आँखा जाँच शिविरले सेतीमायालाई अब यो दिन कहिल्यै नभुल्नेगरी गुन लगाएको हो । यसपालिको प्रजातन्त्र दिवसको अवसरमा मङ्गलबार आफ्नै बस्तीमा आँखा जाँच गर्न पाएकी उनको बुधबार मोतियाविन्दुको शल्यक्रिया भएको छ । अबका केही दिनभित्रै शल्यक्रिया गर्दा लगाएको पट्टी खोलिएपछि झलमल्ल संसार हेर्ने खुसीले उनी विभोर छिन् । 'आफ्नै गाउँबस्तीमा आएका डाक्डरबाबुले आँखा जाँचेर अपरेसन गर्नुपर्छ भन्नुभयो । आज उहाँहरूले नै लिएर अपरेसन गराएर घर पु¥याई दिनुभएको छ', सेतीमायाले भनिन, 'अब त भोलिपर्सि नै पट्टी खोलेपछि सबै उज्यालो देख्नेछु ।' पछिल्लो एक दशकयता मोतियाविन्दुले समस्या भएपछि आसै घरको आँगन ननाघेकी उनको अब पूरै गाउँ घुम्ने रहर छ ।

सेतीमाया मात्र होइन काछबस्तीकै ७५ वर्षीया जुनुमाया आले, ७६ वर्षीया गोपीमाया धागा र ६० वर्षीया गङ्गामाया ठोकरको पनि बुधबार नै मोतिविन्दुको शल्यक्रिया भएको छ । उनीहरूलगायत मोतिविन्दु भएका १७ जनाको हेटौँडा सामुदायिक आँखा अस्पतालमा शल्यक्रिया गरिएको हो । 'फेरि आँखा उघ्रेर संसार हेर्न पाइने भो, बुढेसकालमा योभन्दा खुसी हुन अरू के चाहियो र !' ७६ वर्षीया गोपीमाया धागा भन्छिन्, 'यो बन्दोबस्त मिलाइदिने सबैको जय होस् ।'

यसपालि प्रजातन्त्र दिवसको अवसर पारेर आँखा जाच शिविर आयोजना गरिएको रोटरी क्लब अफ बर्दिबासका अध्यक्ष विष्णु पुरीले बताए । शिविरमा आँखा जाँच गरिएका ३५० जनामध्ये १७ जनामा मोतिविन्दु देखिएपछि शल्यक्रिया गरेको र एक सयभन्दा बढीलाई आँखा जाँचपछि चस्मा र दुई सय जनालाई औषधि दिइएको उनले जानकारी दिए । कतिपय पछिल्ला १० वर्षदेखि आँखा समस्या भएर पनि उपचार गर्न गएका थिएनन् । प्रजातन्त्र दिवसका अवसरमा आयोजित शिविर निकै लाभदायक भएको बर्दिबास–५ का वडाअध्यक्ष काहरमान स्याङ्वाले बताए । 'आर्थिक स्रोतको अभावमा आँखाको उपचार र शल्यक्रिया गराउन नसक्ने अवस्थाका अत्यन्त विपन्न परिवारका सदस्यले प्रजातन्त्र दिवसका अवसरमा आँखा जाँचदेखि शल्यक्रियासम्मको सुविधा पाए ।

यो निकै अविष्मरणीय र सराहनीय कार्य हो', उनले भने । यसका लागि अष्ट्रेलियाको तस्मानियाँस्थित रोटरी क्लबका सदस्य डेभिड एक्स र एक्सले होडिङ लिमिटेडले आर्थिक स्रोत जुटाइदिएको रोटरी क्लब अफ बर्दिबासका अध्यक्ष पुरीले जानकारी दिए । रासस

# जनकपुरमा टीभीएसको डिलरशिप उद्घाटन

**मधेशदृष्टि**
**वीरगंज।**
जनकपुरमा लोकप्रिय ब्रान्ड टीभीएसले आफ्नो नयाँ आधिकारिक डिलरशिपको भव्य समुद्घाटन गरेको छ । टीभीएसले विज्ञप्ति जारी गर्दै जनकपुरमा नयाँ शोरुमको उद्घाटन गरिएको र यो आर्यन अटोमोबाइल्सद्वारा सञ्चालित हुने जानकारी दिएको छ ।

उद्घाटन समारोहमा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह, जेएमपीएलका कार्यकारी निर्देशक अखिल गुप्ता, आर्यन अटोमोबाइल्सका प्रबन्ध निर्देशक राम बालक महतो लगायतको उपस्थिति रहेको थियो । उद्घाटन समारोहमा बोल्दै मन्त्री सिंहले यस्तो व्यवसायिक विस्तारले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन तथा रोजगारीका अवसर सिर्जना गर्न निकै महत्वपूर्ण योगदान दिने बताए ।

सम्पादकीय

# रौतहटमा मापदण्डविपरीत अवैध अस्पताल

*सम्बन्धित निकायको गैरजिम्मेवारीपनका कारण अनुमति नै नलिई अस्पताल तथा पोलिक्लिनिक सञ्चालन क्रम बढेको छ । जिल्लाका विभिन्न भूगोलमा निजी अस्पताल बग्रेल्ती सञ्चालनमा छन् । नियमनकारी निकायको मौनताले गरुडा, कटहरिया, परसवा, कनकपुर, बिजयपुर, शिवनगर, मौलापुरलगायतका ठाउँमा दर्जनौँको संख्यामा स्थानीय तहबाट अनुमति नै नलिई गैरकानूनी तरिकाले अस्पताल तथा क्लिनिक सञ्चालन भइरहेका छन् । यस्तो, रवैयाका कारण राम्रो सुविधा दिने अस्पताल चैँ धरासायी हुँदै गएका छन् । स्थानीय निकाय, प्रहरी प्रशासनकै सेटिङमा अनुमतिविनाका मापदण्डविपरीत अवैध अस्पताल तथा क्लिनिक सञ्चालनमा छन् । यसको देखरेख गर्ने कोही छैनन् । कतिपयले कम्पनी रजिस्ट्रारमा दर्ता गराएकै भरमा अस्पताल चलाइरहेका छन् । २५ बेडसम्मको अस्पताल तथा क्लिनिक सञ्चालन गर्न स्थानीय सरकारबाट अनिवार्य अनुमति लिनुपर्ने कानूनी व्यवस्था छ तर रौतहटमा अधिकांश २५ बेडसम्मको अस्पताल तथा क्लिनिक स्थानीय तहबाट अनुमति नै नलिई कानूनविपरीत सञ्चालनमा रहेको पाइएको छ।*

*यसरी अनुमतिविनाका मापदण्डविपरीत अवैधरुपमा सञ्चालित अस्पताल तथा क्लिनिक पछिल्लो समय ज्यानमारा बन्दै गएका छन् । अनुमतिविनाका सञ्चालित अस्पतालले दक्ष, योग्य तथा अनुभवी चिकित्सक नराख्ने गरेको तथा अनुमानकै अधारमा जथाभावी उपचार गर्ने गरेका कारण सर्वसाधारण नागरिक अकालमै ज्यान गुमाउन बाध्य छन् । मधेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंह एक्सनमा आएपछि यहाँका स्थानीयले पनि निजी अस्पताल छड्के गर्न अुरोध गरेका छन् । उनको सक्रियता देखेर स्थानीयमा आशा पलाएको छ । राम्रोसँग अनुगमन गर्ने हो भने अनुमति नै नलिई विगत केही वर्षदेखि गैरकानूनी तरिकाले धेरै अस्पताल सञ्चालनमा रहेको भेटिन्छ । अबैधरुपमा सञ्चालित अस्पतालमा चरम लापरवाही एवम् बदमासीका कारण बिरामीको मृत्यु पनि हुने गरेको छ । बिनाअनुमति सञ्चालित अस्पतालहरूले मानवको स्वास्थ्यसँग खेलवाड गरिरहँदासमेत नियमनकारी निकायले कुनै ध्यान दिएको छैन । पैसा कमाउने प्रलोभनमा बिरामीको जीवनसँग खेलवाड गर्ने काम गरिरहेको भन्दै स्थानीयले अस्पतालका सञ्चालकलाई कारबाही गर्न सम्न्धित निकायसँग जोडदार माग गरेका छन् । जिल्लामा दर्जनभन्दा बढी अस्पताल तथा क्लिनिक नियमकानूनविपरीत सञ्चालन भए पनि जनप्रतिनिधि तथा सम्बन्धित पालिकाका स्वास्थ्य शाखाका कर्मचारी भने मौन बसेका छन् । सम्बन्धित निकायबाट अनुमति नलिएको, विशेषज्ञ डाक्टरको नाममा योग्यता नपुगेका स्वास्थ्यकर्मीले उपचार गर्दै आएको, सिएमए, एचएको भरमा अस्पताल सञ्चालन गरेको, एमबिबिएस डाक्टर नराखेको, उपचारका नाममा बिरामीसँग बढी रकम असुली गर्ने गरेकोलगायतका जनगुनासो आए पनि नियमनकारी निकाय मौन छन् ।*

# दोषी उम्किनुमा राज्यको ढिलासुस्ती

घटना भएको १२ दिन भयो । तर राज्यको अर्कमण्यताले हालसम्म एउटा पनि आरोपित प्रकाउ गर्न सकेको छैन । राज्यले समयमै अनुसन्धान बढाएको भए आरोपित रुपेश मण्डल, टिंकु मण्डल र चन्दन साह प्रहरीको नियन्त्रणमा हुन्थयो तर अहिले न त पञ्चायत गर्नेहरु गाँउमा छन्,न त ती आरोपित व्यक्तिहरु। घटना माघ २६ गतेको हो । जब शौच गर्न सिरहाको नवराजपुर गाउँपालिका–१ भगवतीपुर तामासुइया टोलकी १७ वर्षीय रिंकुकुमारी सदाय साँझ ६ बजे बाहिर निस्किन्छन्।

अनि सामुहिक बलत्कारको सिकार भइन् । घटना दबाउन २९ माघमा गाउँमा पञ्चायती बस्यो । पञ्चायतमा अधिकाशं पुरुषहरु थिए । खासगरी पञ्यातमा पिडक पक्षका तर्फबाट मानिसहरु उपस्थित थिए। पञ्चायत भईरहेको भिडियो समाजिक सञ्जालमा भाईरल छ। जहाँ चारैतिरबाट पुरुषहरू बसेको छ । बिचमा भने रिंकु सदायलाई बस्न लगाएको छ र उनीसँग संवेदनशील बिषयमा खुलेआम रुपमा छलफल गरिरहेको छ।

कानूनमा पञ्चायती व्यवस्था गैर कानुनी भएपनि समान्य प्रकृतिका घटना समाजका अगुवाहरूको रोहबरमा मिलाइन्छ तर यो घटना भने समान्य थिएन । पञ्चायतले भने बलत्कारको मुल्य एक लाख पचास हजार तोक्यो र घटनालाई सामसुम पार्न खोज्यो । पञ्चायतमा रिंकु सदायले "आफूलाई स्थानीय रुपेश मण्डल, टिंकु मण्डल र चन्न साहले बलात्कार गरेको दाबी गरेकी थिइन् । तर पञ्चायतले भने आरोपितमध्येका रुपेश मण्डललाई मात्र दोषी ठहर्याउँदै १ लाख ५० हजार रुपैयाँ जरिबाना तोके । जरिवाना तिर्न रुपेश का परिवार राजी भए तर रकम को लेनदने हुन बाँकी नै रहेको प्रहरीको भनाइ छ।



दिवेश कुमार महतो

पीडितले यो प्रस्ताव अस्वीकार गरेपछि पहिलो दिनको पञ्चायती सभा बिना निष्कर्ष टुंगिएको थियो । त्यसपछि भोलिपल्ट ३० माघमा पनि पञ्चायती राखेको थियो । त्यसको केही समयमै रिंकु झुण्डिएको अवस्थामा मृत भेटिएकी थिइन्।

रिंकु सदायले समाजको अन्याय सहन नसकेर आत्महत्या गरिन् या घरमा कोही नभएका वेला उनको हत्या भयो भन्ने अनुसन्धानको विषय हो । तर, प्रहरीले नै यो जघन्य अपराधमा संलग्नलाई उन्मुक्ति दिन खोजेको छ। प्रहरीले दुईपटकसम्म जाहेरी फेर्न दबाब दिएर मुद्दा कमजोर बनाएको पनि सार्वजनिक भएको छ । यदि त्यहि बेला प्रहरी जागरुकता देखाएर आरोपितलाई समातेको भए हुन्थ्यो तर प्रहरीले त्यस्तो गरेनन्।

अहिले घटना दबाउन पञ्चायती बस्नेहरू फरार भएका छन् । आरोपितहरु कहाँ गए कसैलाई थाहा छैन । यदि यो राज्यले समयमै सुनि दिएको भए, प्रहरी प्रशासनले चासो लिएको भए आरोपितहरु कानूनी कठघरामा हुन्थे । जब राज्य नै आफ्ना नागरिकहरुप्रति गैरजिम्मेवार देखिन्छन् अनि न्यायको आशामाथि संका उब्जिन्छन् । र, प्रहरीप्रशासन माथिको विश्वास माथि पनि प्रश्न उठ्छ।

सञ्चारमाध्यमले स्थलगत रिपोर्टिङ गर्दा त्यहाँका स्थानिय बाट के कुरा थाहा पाएको रहेछ भने ढोकामा बाहिरबाट चुकुल लागेको अवस्थामा ढोका खोलेर हेर्दा रिंकु झुन्डिएको थियो । शरीर घिसारिएको जस्तो देखिन्थो।

'कसैले घिसारेर, मारेर झुन्ड्याइदिएको जस्तो देखिन्थ्यो।' आत्महत्या भनिए पनि जबर्जस्ती करणीपछि हत्या गरिएको देखिन्छ । रिंकुका बुवा देश बाहिर काम गर्छन् र उनको घर गाउँको एकान्त ठाउँमा छ । समाजिक रुपमा सानो जातको हो भनेर घटना मिलाउन लगाइयो र घटनालाई दबाउने प्रयास गर्यो । मधेसमा यस्ता घटनाहरु यस्तै गैरकानुनी ढंगबाट पञ्चायत गरेर मिलाउदै आएको देखिन्छ जहाँ कथित भनाउँदा ठूला वर्गका मानिसहरुको हालीमुहाली कायम रहन्छ।

पटक –पटक जाहेरी फेर्न दबाब दिएर मुद्दा कमजोर बनाउन खोज्ने प्रहरी अधिकारी माथि कारवाही हुने कि नहुने ? गैरकानुनी पञ्चायत गर्नेहरु माथि मुदा चलाउने कि नचलाउने ? पञ्चमध्येका एक रामपुकार मण्डलले रिंकुको घरमै गएर आफूलाई ४० हजार रुपैयाँ दिनुपर्ने माग गर्नेलाई कारबाही गर्ने कि नगर्ने ? पञ्चायतका अगुवा त्यहाँका वाडा सदस्यलाई थुन्ने कि नथुन्ने ? गैर कानुनी पञ्जयात बन्द हुनुपर्छ। दोषीमाथि कारवाही हुनुपर्छ । अर्का कुरा बलात्कारको मूल्य एक लाख ५० हजार तोक्ने पञ्चहरुलाई पनि कानूनी दायरामा ल्याउनुपर्छ । तबमात्र यस्ता गैरकानुनी पञ्चायत बन्द हुन्छ । यो घटनालाई सामान्य रुपमा लिन मिल्दैन । सुक्ष्म रुपमा अनुसन्धान हुनुपर्छ । र, दोषी जो कसैलाई पनि सजाय हुनुपर्छ।

लेखक, काठमाडौँ स्कुल अफ लमा अध्ययनरत छन्।

# अजयमेरुकोटको उत्खनन्

डडेल्धुराको अजयमेरु गाउँपालिकास्थित डोटेली राज्यको इतिहास बोकेको अजयमेरुकोटको उत्खनन शुरु गरिएको छ । पुरातत्व विभागको टोलीद्वारा यो कोटको उत्खनन शुरु गरिएको हो।

उत्खननका लागि गाउँपालिकाले ९० लाख रुपैयाँ विनियोजन गरेको थियो । यो बजेटको सहयोगमा पुरातत्व विभागको टोलीले २३ दिनदेखि उत्खनन् गरिरहेको छ।

अजयमेरुकोट कत्युरी राजवंशको उत्कृष्ट कलाशैलीमा निर्माण गरिएको पुरातत्व विभागका प्रमुख पुरातत्व अधिकृत एवं पुरातत्वविद् भाष्कर ज्ञवालीले बताए । पहिलो पटक उत्खनन् गरी अध्ययन, अनुसन्धान शुरु गरिएको यहाँको कलाकृति र निर्माण शैली फरक भएका कारण यो कत्युरी राजवंशको प्रभाव क्षेत्र रहेको उनले बताए।

अधिकृत ज्ञवालीका अनुसार उत्खननका क्रममा भग्नावशेषको 'नम्बरिङ' गर्ने काम भइरहेको छ । उनले भने,'अजयमेरुकोटको विशिष्ट कलाकृति र निर्माणशैली कर्णाली नदी पूर्वका देवल भन्दा फरक छ।'

उत्खनन्मा प्राप्त विवरण अनुसार बिचमा मण्डप बनाएर दायाँबायाँ देवल बनाउने शैली छ । बैठक कक्ष र नाउला विशिष्ट किसिमका छन् । अजयमेरु कोटलाई विश्व सम्पदा सूचीमा समावेश गराउने प्रयासस्वरूप पुरातत्व विभागको अर्को टोलीले थप अध्ययन गर्ने उनले बताए।

सुदूरपश्चिम प्रदेशका सामाजिक विकास राज्यमन्त्री सरस्वती खड्काले अजयमेरुकोट जस्ता ऐतिहासिक तथा पर्यटकीयस्थलको संरक्षण र प्रवद्र्धनमा तीनै तहका सरकारको ध्यान जानुपर्ने बताए। उनले प्रदेश सरकार यस्ता कार्यक्रममा आवश्यक सहयोग गर्न तयार रहेको बताए।

अजयमेरु कोट संरक्षणको महत्व अझ बढ्दै गएकाले स्थानीय तहले सङ्घ र प्रदेश सरकारबाट थप बजेट तथा आवश्यक सहयोग माग गरेको अजयमेरु गाउँपालिकाका अध्यक्ष उमेश भट्टले बताए।

अजयमेरुकोटको स्थापना १३ औँ शताब्दीको उत्तराद्र्धमा कत्युरी वंशका दुई भाइ राजकुमार सहस्त्रपाल र निरयदेव पालले सिञ्जा राज्यसँग लडाइँ गरी जितेर स्वतन्त्र राज्य घोषणा गरी कोट स्थापना गरेको किम्बदन्ती छ।

एकथरिले यस कोटलाई राजा नागी मल्लद्वारा निर्माण गरिएको पनि भन्ने गरेका छन् । यद्यपि प्रमाणहरुले यो कोट कत्युरी वंशजका पाल राजाले निर्माण गरेको पुष्टि भएका छन्।

रैका राजवंशका नागी मल्लले विसं १४४१ मा अजयमेरुलाई कब्जा गरेपछि मात्रै अजयमेरुकोट नागी मल्लको कोटका रूपमा चिनिएको बताइन्छ । यस ठाउँमा राजा निरयपालदेवका ताम्रपत्र र विसं १४१९ सम्मका शिलालेखहरू पाइन्छन्।

अजयमेरुकोटमा प्राचीन दरबारको भग्नावशेष, नाउला, देवल, वीरखम्ब, कलात्मक सिलिङ, राजाको बैठकस्थलसहितका ऐतिहासिक वस्तु छरिएर रहेका छन् । हाल अजयमेरुमा रहेका तीन नाउलामध्ये दुई नाउलाको भग्नावशेष मात्र छन् । एक नाउला पानी खान प्रयोग भइरहेको छ । ढुङ्गे देवल र नाउलामा कुँदिएका कलात्मक मूर्तीले प्राचीन वास्तुकला झल्काउँछ।

अजमेरुकोटको मुख्य दरबार भएको स्थानको डाँडालाई गाड (खोला) ले घेरेको छ । तल गाड देखि माथि कोट भएको स्थानमा पुग्न १५–२० मिनेट उकालो उक्लनुपर्छ । कोट भएको डाँडामाथि दरबार र राजाका भाइभारदार बस्ने हवेली भग्नावशेषका रूपमा देखिन्छन्।

दरबारको संरचना सबै भत्केको अवस्थामा छ । बन्ने बेलामा मुख्य दरबार सात तलाको थियो भनिन्छ । सबैभन्दा माथिल्लो तलाबाट उत्तराखण्डमा कत्युरी राजाबाट निर्माण गरिएको कत्युरी राजवंशको कुलदेवी जगदम्बा भगवतीको मन्दिरको दर्शन गर्ने र जल चढाउने गरिन्थ्यो।

यही छेउतिर राजाका घोडा बाँध्ने स्थान छ । यसलाई स्थानीयवासी 'घोलिडाँस' (घोडाको तबेला) भन्ने गर्छन् । दरबारस्थलको पूर्व–दक्षिणबाट तल गाड (खोला) भएको स्थान सम्म रानीले पानी भर्न र नुहाउन जाने जमिन भित्रबाट कोरेर ढुङ्गाले चिनेर माथिबाट बन्द भएको कोट देखि गाडसम्म जाँदा अँध्यारो नहोस् भन्ने उद्देश्यले बनाएका २५ वटा झ्यालसहितको प्राचीन सुरुङ छन्।

कोट स्थलदेखि गाडको किनारमा दरबारका मान्छेको बैठक स्थल छ । यसलाई स्थानीयवासी 'ओखडेकी माँडौ' भन्छन् । गाडको केहीमाथि दुईवटा देवल छन् यसै करपुटार खेतको सिरानमा पानी खाने तीन वटा प्राचीन नाउला छन् । यो स्थल ऐतिहासिक मल्लकालको दरबार अवलोकनका लागि प्रसिद्ध छ । रासस

# धार्मिक तथा पर्यटकीय ताल पुरिँदै

**राजेन्द्रप्रसाद पनेरू**

शुक्लाफाँटा नगरपालिका–८ स्थित धार्मिक तथा पर्यटकीय क्षेत्रमा रहेको मुडका (मणिका) ताल पुरिँदै जान थालेको छ । चुरे पर्वत क्षेत्रबाट बग्ने खहरे खोलाले बगाएर ल्याउने माटो, ढुंगा, बालुवालगायतले ताल पुरिन थालेको हो।

ताल पुरिनबाट जोगाउन विभिन्न दातृ निकायको सहयोगमा छेकबार पर्खाल लगाउने कार्य गरिए पनि ताल पुरिने क्रम जारी रहेको छ । तीन बिघा क्षेत्रफलमा फैलिएको ताल प्रत्येक वर्ष एक मिटरका हिसाबले पुरिँदै जान थालेको मणिकाधाम धार्मिक क्षेत्रका कारिन्दा डम्बरबहादुर ऐरले बताए।

'तालको आधाभन्दा बढी भाग पुरिएको छ,' उनले भने, 'आर्थिक अभावले पुरिँदै गएको ताल सफाइ गर्न सकेका छैनौँ।' यस्तै क्रममा रहे केही वर्षभित्रै ताल पूरै पुरिएर सकिने उनले बताए । ताल पुरिएको क्षेत्रमा घाँस, भेल्लरका बुट्यान उम्रिएका छन्।

तालको उत्तरतर्फको क्षेत्र भएर बर्सातमा बग्ने पानी रोक्नका लागि भरपर्दो व्यवस्था गरिनुपर्ने मणिकाधाम मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पुरन हमालले बताए । ताल पुरिँदै जाँदा गहिराइमा निकै कमी आएको जनाउँदै उनले बढी गर्मी हुने दिनमा गएको एक–दुई वर्षदेखि ताल सुक्ने अवस्थामा पुग्ने गरेको बताए।

'ताल सफाइ गरी एकनासको पानीको व्यवस्था गर्नका लागि बोरिङ जडान गरिनुपर्ने भए पनि समितिसँग आर्थिक अभाव भएकाले कार्य अगाडि बढाउन सकेका छैनौँ,' उनले भने, 'तालमा थिग्रिएर बसेको माटो, बालुवा, ढुंगा हटाउन मेसिनको प्रयोग गर्नुपर्छ, यस कार्यका लागि दातृ निकायलाई आग्रह गर्दै आए पनि अहिलेसम्म कुनै पनि निकायले चासो देखाएका छैनन्।'

नगरपालिकाबाट पनि धार्मिक पर्यटकीय क्षेत्र संरक्षण संवद्र्धनका लागि कुनै कार्यक्रम अघि



नसारिएकोप्रति उनले असन्तुष्टि व्यक्त गरे । तालमा रहेका माछा, कछुवालगायत जलचर प्राणी पानी अभाव हुन थालेपछि जोगाउन निकै समस्या रहेको उनको भनाइ छ । यो ताल जलेवा र मालक हाँसको वासस्थानका रूपमा पनि रहेको छ।

मुडका क्षेत्रमा रहेको तलाउमा मणिवाला सर्प बस्ने कारण यस क्षेत्रको नाम मुडका रहन गएको स्थानीय बुढापाकाको भनाइ रहेको छ । थारू भाषामा मुड भन्नाले शिरलाई बुझ्ने गरिएकाले सबैभन्दा अग्लो भाग भएकाले मुडबाट मुडका भएको एकथरीको भनाइ रहेको छ।

यो क्षेत्र प्राचीनकालमा पहाडबाट चौपायासहित हिउँदका वेला बसाइँ सर्नेहरूको आश्रयस्थलका रूपमा रहेको थियो । पहाडबाट झर्ने व्यक्तिहरूले ताल भएको क्षेत्रनजिकैको थुम्कोमा मन्दिर स्थापना गरी पूजा गर्दै आएपछि यो क्षेत्र अन्य समुदायका व्यक्तिका लागि पनि धार्मिक धरोहरका रूपमा विकसित हुँदै गएको हो।

मुडका क्षेत्रको दर्शन गरेमा मनोवाञ्छित फल पाइने जनविश्वासका कारण यस क्षेत्रमा फागुनमा प्रत्येक वर्ष मेला लाग्ने गर्दछ।

नेपाल पर्यटन बोर्डको सहयोगमा धार्मिक क्षेत्रमा मन्दिर निर्माण गरिएको छ । हाल संघीय सरकारले दुई करोडको लागतमा ठेक्का प्रक्रियामार्फत धर्मशाला निर्माणको कार्य अगाडि बढाएको छ । यस क्षेत्रमा दर्शन गर्न आउने दर्शनार्थीका लागि शौचालय, विद्युत् तथा खानेपानीको व्यवस्था हुन सकेको छैन।

खानेपानीका लागि प्रत्येक वर्ष मन्दिर व्यवस्थापन समितिले पाइपबाट तानेर खोलाबाट पानी ल्याउने गरे पनि चुना पाइपमा भरिएर अवरुद्ध हुने गरेको बताइएको छ । रासस

# ऊर्जामन्त्रीसँग बेलायती राजदूतको शिष्टाचार भेट

**काठमाडौ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कासँग नेपालका लागि बेलायतका राजदुत रोब फेनबीच शिष्टाचार भेटवार्ता भएको छ ।



वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रद्वारा आयोजित नेपाल नवीकरणीय ऊर्जा कार्यक्रममा सहभागी हुने क्रममा विहीबार भएको भेटमा उनीहरुबीचमा दुई देशबीचको ऊर्जा क्षेत्रका विविध विषयमा छलफल भएको थियो ।
भेटमा ऊर्जामन्त्री खड्काले २०९ वर्ष पुरानो सम्बन्ध रहेको बेलायतले नेपालको नवीकरणीय ऊर्जा क्षेत्रमा युकेएडमार्फत पु¥याउँदै आएको योगदानको उच्च कदर गरे । उनले बेलायतले नेपाललाई ऊर्जा क्षेत्र सहायता कार्यक्रम, राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम, भूकम्पपछिको पुनः स्थापना तथा पुनःनिर्माण सहयोगप्रति आभार व्यक्त गरे ।
भेटमा मन्त्री खड्काले नेपाल सरकारले हालै पारित गरेको ऊर्जा विकास मार्गचित्र, २०८१ ले राखेको विद्युत् उत्पादनको लक्ष्यलाई पूरा गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने बताए। उनले नेपालका लागि बेलायती राजदुतावासमार्फत सहयोग हुँदै आएको केन्द्रीय नवीकरणीय ऊर्जा कार्यक्रमलाई दुई वर्ष थप गर्न अनुरोध गरे । उनले नेपालमा नवीकरणीय ऊर्जा र स्वच्छ ऊर्जा सङ्क्रमणको यात्रामा बेलायतको निरन्तर साझेदारीप्रति आभार व्यक्त गर्दै भविष्यमा दुईपक्षीय सहकार्य अझै बलियो हुने आशा व्यक्त गरे ।
भेटमा नेपालका लागि बेलायती राजदूत रोबले हालैका केही दिनमा नेपालले ऊर्जा क्षेत्रको विकासमा चालेका कदमहरु सराहनीय रहेको बताए । उनले नेपालले जलविद्युत् तथा नवीकरणीय ऊर्जाका अन्य स्रोतहरुलाई सन्तुलनमा राखेर भइरहेको कार्यले नेपाल मात्र नभई भारतलाई समेत स्वच्छ ऊर्जा उपलब्धतामा महत्वपूर्ण सघाउ पुगेको बताए । उनले आगामी दिनमा बेलायत सरकारले ऊर्जाका अन्य क्षेत्रमा सघाउन लगानी समितिसँग छलफल भइरहेको जानकारी गराए । रासस

# प्रधानमन्त्रीद्वारा विद्यार्थीलाई यस्तो आग्रह



**पोखरा ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले ज्ञान, दर्शन, योग र खोजको उद्गमस्थल नेपालमा दीक्षित विद्यार्थीले सदैव इमानदार भएर देशका लागि काम गर्नुपर्नेमा जोड दिएका छन् ।
कास्कीको ढुंगेपाटनमा विहीबार आयोजित पोखरा विश्वविद्यालयको २०औँ दीक्षान्त समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले आत्मविश्वासका साथ इमानदार भई समाजका लागि सकारात्मक काममा आफूले प्राप्त गरेको ज्ञानको उपयोग गर्न दीक्षित विद्यार्थीसँग आग्रह गरे ।
'इमानदारिताले मात्रै सकारात्मक सफलता पाउन सकिन्छ । बेइमानी गरेर पाएको सफलता समाजका लागि उपयोगी हुँदैन । तपाईंहरुले राम्रो पढेको हो भने पनि त्यसलाई समाजमा नकारात्मकता, चोरी, ठगीजस्ता अपराधका काममा प्रयोग गरेमा त्यसलाई सफलता मान्न सकिँदैन,' कुलपति ओलीले भने, 'तपाईंहरू समाज र देशका लागि उपयोगी हुनुपर्छ ।
आफ्ना लागि मात्रै गर्न खोजेमा स्वार्थी भइन्छ । देश र समाजका लागि केही गर्नुस् । नागरिक सर्वोच्चताको गर्व तपाईंहरुमा होस् ।'
उनले सानो देशमा छु भन्ने हीनताबोधी भावना नराख्न आग्रह गर्दै कुनै पनि देशको सार्वभौमसत्ता सानो वा ठूलो हुँदैन भन्ने विषयमा स्पष्ट भई सदैव नेपाल र नेपालीलाई केन्द्रमा राखेर काम गर्न आग्रह गरे । 'हात्ती देख्ने बित्तिकै भागेमा माउते हुन सकिँदैन । हात्तीलाई तालिम दिएर माउते हुने कोसिस गर्नुस् । साहसी हुनुस्, दुस्साहासी नहुनुस्,' प्रधानमन्त्री ओलीले भने, 'हामीसँग उर्वर भूमि छ । यसलाई रुपान्तरणकारी विकासमा लान सकिन्छ । यस काममा विश्वविद्यालय लागोस् । सरकार विश्वविद्यालयको साथमा छ ।'
समारोहमा कुलपति ओलीले विश्वविद्यालयका विभिन्न सङ्काय र तहका गरी सात हजार ८७२ विद्यार्थीलाई दीक्षित गराए । साथै, उनले कुलपति पदकबाट सर्वोत्कृष्ट विद्यार्थीलाई पुरस्कृत पनि गरे । रासस

# 'काठमाडौँ महानगरपालिकाको नेतृत्वमा प्रशंसायोग्य काम'



**काठमाडौँ ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले काठमाडौँ महानगरपालिकाको नेतृत्वमा प्रशंसायोग्य काम भइरहेको बताएका छन् ।
नित्यनाथ सत्तलको पुनःनिर्माणको शिलान्यास गर्दै थापाले सम्पदा संरक्षणमा कामपाले गरेको कामको प्रशंसा गरे । उनले भने, 'जन सरोकारका काममा यसअघि सङ्घ र प्रदेश सरकारसँग बजेट माग्नु पथ्र्यो अहिले कामपाले बजेटको अभाव महसुस हुन दिएको छैन । यो राम्रो काम हो ।'कामपा–८, नवाली टोलमा रहेको १९औँ शताब्दीमा निर्मित सत्तल पुनःनिर्माणको महामन्त्री थापासहित, वडाध्यक्ष आशामान सङ्गत, सम्पदा तथा पर्यटन विभागका प्रमुख कुमारी राई र वडा सदस्यहरुले एकै पटक पाँच ठाउँमा जग राखेर शिलान्यास गरेका छन् ।
सत्तल पुनःनिर्माणका लागि करबाहेक दुई करोड २७ लाखमा निर्माण पक्षसँग सम्झौता भएको छ ।
तीन तले सत्तलको पहिलो तलामा पुस्तकालय हुनेछ । दोस्रो तलालाई सामाजिक कार्य तथा भोजका लागि उपयोगमा ल्याइने महानगरले जनाएको छ । तेस्रो तला अर्थात् बुइँगलमा नित्यनाथको मन्दिरस्थल रहनेछ । परम्परागत वादन तथा गायन जस्ता विषयमा शिक्षा लिन पहिले नित्यनाथको पूजा गर्नुपर्ने प्रचलन छ । यसरी गरिने पूजामध्ये विहीबार गरिएको पूजालाई विशेष रुपमा मानिन्छ ।
विसं १९९० सालको भूकम्पले जीर्ण अवस्थामा रहेको सत्तल २०३९ सालमा सुवर्ण वैद्य वडाध्यक्ष भएका बेला ढलान गरेर पुनःनिर्माण गरिएको थियो । त्यसमा तला थप गरेर सन्ध्या पुस्तकालय सञ्चालन गरिएको थियो । वडाध्यक्ष सङ्गतले भने,'सांस्कृतिक सहरको पहिचान कायम गराउन परम्परागत शैलीमा सत्तलको पुनःनिर्माण गर्न लागिएको हो ।'
वडाभित्रका चार वटा फल्चा विसं २०७९ यता पुनःनिर्माण भइसकेका छन् । अतिक्रमित जग्गा स्वामित्वमा लिएर वत्सलेश्वरी जात्रा सञ्चालनका लागि फल्चा निर्माण भइरहेको छ । इना गणेश मन्दिर, इँटापाखाको स्वर्ण गणेश मन्दिर, जयबागेश्वरीको महामृत्युञ्जय मन्दिर, पशुपति परिसरको नित्यनाथ मन्दिर पुनःनिर्माण सम्पन्न भइसकेका छन् । रासस

# निर्वाचन क्षेत्रको विकासमा समय दिने प्रचण्डको प्रतिबद्धता

**गोरखा ।**
नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले गोरखा जिल्ला र आफ्नो निर्वाचन क्षेत्रको विकासका लागि समय दिने प्रतिबद्धता जनाएका छन् ।



गोरखा क्षेत्र नं २ बाट प्रतिनिधिसभामा निर्वाचित पूर्वप्रधानमन्त्रीसमेत रहेका उनले विहीबार गोरखा नगरपालिका– १४ गोप्लिङस्थित सहिद परिवारसँगको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै चुनाव जितेर गएपछि आफ्नो निर्वाचन क्षेत्रमा चाहे जति समय दिन नसकेकाले अब बाँकी समय निर्वाचन क्षेत्रको विकास निर्माणलाई दिने प्रतिबद्धता जनाए । अध्यक्ष दाहालले सहिदहरुको बलिदानका कारण नै देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना सम्भव भएको बताए । परिवर्तनका लागि ज्यानको बलिदान दिने सहिदहरु देशको साझा सम्पत्ति भएको उनले उल्लेख गरे ।
अध्यक्ष दाहालले १० वर्षे सशस्त्र संघर्षका क्रममा एकै घरबाट तीन जनाले ज्यान गुमाएका गोरखा नगरपालिका–१४ गोप्लिङस्थित सहिद गुप्तबहादुर नहर्की, सरस्वती नहर्की र कल्पना नहर्कीको परिवारसँग भेट गरेका हुन् । आजै उनले पालुङ्टार–८, स्थित जनयुद्धका क्रममा ज्यान गुमाएका सहिद वीरेन ओलियाको परिवारसँग पनि भेटघाट गरी सहिद परिवारको अवस्थाको बारेमा जानकारी लिएका थिए ।अध्यक्ष दाहाल गोरखा नगरपालिका–१० स्थित मिरकोटमा सुरु हुन लागेको मिरकोटगढी महोत्सवको उद्घाटन गर्न गोरखा आइपुगेका हुन् । रासस

# 'नवीकरणीय ऊर्जा सम्बन्धमा छुट्टै ऐन सरकारको प्राथमिकतामा'

**काठमाडौं ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी छुट्टै ऐन सरकारको प्राथमिकतामा रहेको जानकारी दिका छन् ।
वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रद्वारा बेलायत सरकारको सहयोगमा सञ्चालन गर्दै आएको नेपाल नवीकरणीय ऊर्जा कार्यक्रमको सिकाइ आदानप्रदान कार्यक्रममा उनले सरकारले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा छुट्टै ऐनको व्यवस्थालाई प्राथमिकतामा राखेको बताए ।
ऊर्जामन्त्री खड्काले नवीकरणीय ऊर्जा परियोजनामा निजी क्षेत्रको लगानी वृद्धि गर्ने, सबैमा ऊर्जाको पहुँच पु¥याउन सहयोग गर्ने कार्यक्रमले सहयोग पुगेको उल्लेख गरे ।
उनले ऊर्जा प्रणालीलाई गुणस्तरीय र भरपर्दो बनाउन सहयोग, दिगो ऊर्जा 'च्यालेञ्ज फण्ड' मार्फत वितरित नवीकरणीय ऊर्जा परियोजनाहरुको वित्तीय सम्भाव्यता र दिगो सञ्चालनको लागि वित्तीय र प्राविधिक सहायता प्रदानलगायतका कार्यमा पु¥याएको योगदानको प्रशंसा गरे ।
मन्त्री खड्काले सरकारले आफ्ना नीति, रणनीति, योजना तथा लक्ष्यहरुमार्फत नवीकरणीय ऊर्जाको विस्तार तथा ऊर्जा दक्षताको अवलम्बनलाई विशेष प्राथमिकता दिँदै आएको उल्लेख गरे ।
मन्त्रिपरिषद्बाट हालै स्वीकृत 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१' मा नेपालले अघि सारेका स्वच्छ ऊर्जा र जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय लक्ष्यमा नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र स्वच्छ ऊर्जा रुपान्तरणलाई उच्च प्राथमिकता दिएको मन्त्री खड्काले बताए ।
उनले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत उत्पादन गर्दै विद्युत खपत प्रतिव्यक्ति वार्षिक एक हजार ५०० युनिट पु¥याउने लक्ष्यसहित स्वीकृत मार्गचित्रमा राष्ट्रिय ग्रिड नपुगेका स्थानमा अफग्रिड सौर्य, वायु तथा लघु जलविद्युतमार्फत आगामी दुई वर्षभित्र शतप्रतिशत घरधुरीमा विद्युत पहुँच पु¥याउने लक्ष्य लिएको स्पष्ट पारे ।
पेरिस सम्झौता अनुसार सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा झार्ने प्रतिबद्धतालाई पुरा गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने मन्त्री खड्काको भनाइ थियो ।
उनले नेपाल सरकारको स्वच्छ ऊर्जा रुपान्तरणसम्बन्धी लक्ष्य हासिल गर्न आगामी दिनमा समेत निरन्तर सहयोगको अपेक्षा गरे ।
मन्त्री खड्काले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक हाल राष्ट्रियसभाबाट पारित भइ प्रतिनिधिसभामा पेश भएकाले उक्त विद्येयकलाई छिट्टै प्रतिनिधिसभाबाट पारित गराई ऐनको रुप दिने कार्यमा आफ्नो उच्च प्राथमिकता रहेको बताए ।
विधेयकले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र ऊर्जा रूपान्तरणको क्षेत्रहरूमा वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रलाई नयाँ संगठनमा रूपान्तरण गर्न र नयाँ सन्दर्भमा यसको भूमिकालाई सुनिश्चित गर्न सहयोग पुग्ने उनको भनाइ थियो ।
ऊर्जा मन्त्रालयका सचिव सुरेश आचार्यले सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्यलाई पूरा गर्न यस्ता दातृ निकायको महत्वपूर्ण साथ र सहयोगको खाँचो रहेको बताए ।
नेपालका लागि बेलायतका राजदुत रब फेनले कार्बन उत्सर्जनलाई शून्यमा झार्ने अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पुरा गर्न नवीकरणीय ऊर्जा क्षेत्रको विकास आवश्यक रहेको बताए ।
वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकाल, कार्यक्रम संयोजक सुमन बस्नेत, नविकरणीय ऊर्जा परिसंघका अध्यक्ष कुशल गुरुङलगायतले नेपालको नविकरणीय ऊर्जाको क्षेत्रमा उक्त कार्यक्रमार्फत भएको विकासप्रति बेलायत सरकार र बेलायती नागरिकलाई धन्यवाद दिएका थिए ।
वि.स.२०७५ माघदेखि कार्यान्वयन भई सञ्चालन आएको उक्त कार्यक्रम आगामी चैत १८ गते सम्पन्न हुँदैछ ।
उक्त कार्यक्रमले विद्युत नभएका घरमा विद्युतीकरण, लघु जलविद्युत निर्माण, विद्युतीय चुल्होको विस्तार, सौर्य ऊर्जाको विकास, विद्युतीय सिँचाइलगायतको क्षेत्रमा काम गरेको केन्द्रका नायब कार्यकारी निर्देशक डा नारायणप्रसाद अधिकारीले जानकारी दिए । रासस

# 'माओवादी संविधान संशोधनको पक्षमा छ'

**धरान ।**
नेकपा (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले माओवादी संविधान संशोधनको पक्षमा रहेको बताएका छन् ।
नेपाल कम्युनिष्ट पाटी माओवादी केन्द्र धरान उपमहानगर समितिले विहीबार धरानमा आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वउपप्रधान तथा गृहमन्त्रीसमेत रहेको श्रेष्ठले भने, 'समग्र जनताको हित, विकास र समृद्धि प्राप्ति गर्न संविधानको मूल मर्मको रक्षा हुने गरी माओवादी संविधान संशोधनको पक्षमा छ ।'
उनले पछिल्लो समय पार्टीले सुदृढीकरण अभियान चलाउन सुरु गरेपछि माओवादी बलियो बन्दै गएको बताए ।
उनले सामाजिक र आर्थिक रुपान्तरण नै समृद्धिको आधार रहेको पनि बताए ।
लोकतन्त्रको रक्षा गर्न सामाजिक आर्थिक रुपान्तरण आवश्यक रहेको बताउँदै उनले सामाजिक न्याय, सुशासन र समृद्धिलाई प्राथमिकतामा राखेर सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनमा सबैले ध्यान दिनुपर्ने बताए ।
ताप्लेजुङको पाथीभरामा निर्माण गर्न लागेको केबुलकार विवादले धरान प्रभावित भइरहेको विषयमा उनले स्थानीयवासीको मागलाई सम्बोधन गरेर केबुलकार निर्माण गर्नुपर्ने र वार्ताकै माध्यमबाट विवाद समाधान गर्नुपर्ने बताए । रासस

# एसको केन्द्रीय कमिटी बैठक स्थगित

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को विहीबारदेखि शुरु हुने भनिएको केन्द्रीय कमिटी बैठक स्थगित भएको छ ।
प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा विहीबार र शुक्रबार बस्ने तयारी गरिएको बैठक पार्टी पोलिटब्यूरो सदस्य तथा बागमती प्रदेश सहइन्चार्ज एवं संविधानसभा सदस्य विदुर सापकोटाको निधनप्रति शोक प्रकट गर्न स्थगित गरिएको केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले जानकारी दिए । बैठक शुक्रबार र शनिबारलाई सारिएको उनले जानकारी दिए ।
कलेजोसम्बन्धी रोगले ग्रस्त सापकोटाको उपचारका क्रममा विहीबार बिहान करिब ४ बजे चाबहिलको हेल्पिङह्यान्ड हस्पिटलमा देहावसान भएको हो । सो पार्टीले शोक वक्तव्य जारी गर्दै सापकोटाप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेको छ । केन्द्रीय कमिटी बैठकमा पार्टीको संगठन सुदृढीकरण, वडा तहबाट भएको कार्यको समीक्षा, समसामयिक राजनीतिक विषयवस्तु, संविधान संशोधन, अध्यादेशका विषयवस्तु, भ्रष्टाचार, जनजीविकासँग सम्बन्धित मुद्दामा प्रतिपक्ष दलसँगको सहकार्यबारे छलफल गरिने जनाइएको छ ।
यसैबीच, नेकपा एसका अध्यक्ष माधवकुमार नेपालले पार्टीका पोलिटब्यूरो सदस्य तथा बागमती प्रदेश सहइन्चार्ज एवं संविधानसभा सदस्य सापकोटाको निधनप्रति दुःख प्रकट गरेका छन् ।
अध्यक्ष नेपालले विहीबार एक विज्ञप्ति जारी गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरी प्रगतिशील तथा वामपन्थी आन्दोलनका नेता सापकोटाको निधनले आफूलाई स्तब्ध बनाएको उल्लेख गरेका छन् ।
लोकतन्त्र स्थापनाका लागि सापकोटाले पुर्‍याएको योगदानको स्मरण गर्दै उनले कम्युनिष्ट आन्दोलनले एक अथक योद्धा तथा देशले असल र इमान्दार नेता गुमाएको बताए ।
पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले जनप्रतिनिधिका रुपमा उनले नेपालको प्रगतिशील आन्दोलन,समाज विकास र रुपान्तरणमा गर्नुभएको योगदानलाई उच्च सम्मानसहित स्मरण गर्दै आदर्शको अनुशरण गर्नुपर्नेमा जोड दिए । रासस

# बिल्डकन अन्तरराष्ट्रिय प्रदर्शनी शुरु



**काठमाडौँ ।**
विहीबारदेखि यही फागुन ११ गतेसम्म भृकुटीमण्डपमा दशौँ नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी शुरु भएको छ ।
प्रदर्शनीको शुभारम्भ गर्दै भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले विकास निर्माणका काममा प्राथमिकता निर्धारण जरुरी रहेको बताए ।
'मुलुकलाई समृद्ध बनाउन र स्थानीयको उत्पादन सहरसम्म पु¥याउन आवश्यक सडक र बाटो निर्माण सरकारको प्राथमिकतामा छ,' मन्त्री दाहालले भने, 'वस्तु आयातका लागि एक देशसँग मात्र निर्भर हुने अवस्थाको अन्त्य गर्न सरकारले काम गरिरहेको छ ।'
प्रदर्शनीमा विभिन्न देशका ३०० भन्दा बढी कम्पनीहरूको १५० बढी स्टल छन् । प्रदर्शनीमा निर्माणसम्बन्धी उद्योग, कम्पनी, डिलर तथा सब डिलरहरू र बिक्रेताहरूले निर्माण व्यवसायसँग सम्बन्धित उत्पादनहरूका बारेमा जानकारी गराउने स्टलहरू रहेको आयोजक संस्थामध्येका मिडिया स्पेस सोलुसन्स प्रालिका प्रबन्ध निर्देशक सिर्जल भट्टराईले बताए ।
उनका अनुसार निर्माण क्षेत्रमा आएका नयाँ प्रविधिका बारेमा जानकारी गराउने उद्देश्यले प्रदर्शनी शुरु गरिएको हो । अन्तर्राष्ट्रिय प्रदर्शनीमा 'कन्स्ट्रक्सन मेटेरियल्स', 'कन्स्ट्रक्सन मेसिनरी', 'प्रिफ्याब स्ट्रक्चर', 'युपिभिसी विन्डोज मेसिनरी', 'युपिभिसी प्रोफाइल', 'डोर्स एन्ड विन्डोज', 'आर्किटेक्चर हार्डवेयर', 'बाथरुम फिटिङ्स', 'पाइप, टायल्स एन्ड स्यानिटरी वायर', 'रफिङ', 'प्री इन्जिनियरिङ बिल्डिङ, पावर टुल्स', 'विन्डोज'लगायतका सामग्रीहरू रहनेछन् ।
मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचरएक्स ट्रेड फेयर एन्ड इभेन्ट्स प्रालिले संयुक्त रूपमा आयोजना गरेको प्रदर्शनीमा निर्माण व्यवसायसम्बन्धी उत्पादन र नवीनतम प्रविधि प्रमुख आकर्षण रहने प्रबन्ध निर्देशक भट्टराईले बताए ।
प्रदर्शनीस्थल बिहान १० देखि बेलुका ६ बजेसम्म खुल्ला रहने र निःशुल्क प्रवेशको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।
प्रदर्शनी ४० देखि ४५ हजार दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको छ । प्रदर्शनीले नेपालमा उत्पादन भइरहेका सामग्री र प्रविधिहरूलाई पनि अन्तर्राष्ट्रिय बजारसम्म लैजान सहयोग पुग्ने विश्वास आयोजकको छ । रासस

# लुम्बिनी प्रदेशः चालु आवमा पुँजीगत खर्च २२ र चालु खर्च २८ प्रतिशत

**लुम्बिनी ।**
लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्षको हालसम्म कुल बजेटको २४.९१ प्रतिशत खर्च गरेको छ । चालु वर्षमा ३८ अर्ब ९७ करोड बजेट विनियोजन गरिएको थियो । यसमा पुँजीगततर्फ २४ अर्ब ५८ करोड र चालु खर्चतर्फ ११ अर्ब २४ करोड विनियोजन गरिएको थियो ।
प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयले आज आयोजना गरेको अर्धवार्षिक समीक्षामा चालु आर्थिक वर्षको फागुन ३ गतेसम्मको तथ्याङ्कअनुसार पुँजीगत खर्च २२.८३ प्रतिशत र चालु खर्च २८.४७ प्रतिशत रहेको सार्वजनिक गरिएको छ ।
आर्थिक मामिला तथा योजना मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित अर्धवार्षिक समीक्षामा मुख्यमन्त्री चेतनारायण आचार्यले चालु आर्थिक वर्षमा विनियोजन भएको पुँजीगत बजेटको कार्यान्वयन र भुक्तानीलाई विशेष ध्यान दिन मातहतका निकायलाई निर्देशन दिए ।
उनले प्रदेश सरकारले पुँजीगत खर्च गर्न नसकेको भन्ने आलोचनालाई चिर्न खर्चलाई प्रभावकारी रूपमा बढाउनुपर्नेमा जोड दिए । 'वैशाख महिनालाई अन्तिम भुक्तानीको महिना बनाउन सक्ने हो भने धेरै समस्या हल भएर जाने थिए,' मुख्यमन्त्री आचार्यले भने, 'अन्य प्रदेशको तुलनामा माघ मसान्तसम्म लुम्बिनी प्रदेशको पुँजीगत खर्च सबैभन्दा राम्रो छ । तर यसलाई निरन्तरता दिनेगरी काम गरौँ ।'
संघीय सरकारबाट प्राप्त समानीकरण, ससर्त तथा विशेष अनुदानका कार्यक्रम कार्यान्वयनमा विशेष ध्यान दिनुपर्नेमा उनले जोड दिए । संघबाट प्राप्त भएको बजेट कार्यान्वयन नभएमा फिर्ता नहुने गरी कार्यान्वयन गर्न जोड दिनैपर्ने उनले बताए ।
मुख्यमन्त्री आचार्यले टुक्रे आयोजना निरुत्साहित गर्न योजना छनोटमा कठोर बन्नुपर्ने धारणा राख्दै प्रदेश सरकारले बहुवर्षीय आयोजनालाई प्राथमिकता दिने स्पष्ट पारे । 'हामीले टुक्रे आयोजनालाई निरुत्साहित गर्न बहुवर्षीय आयोजनालाई प्राथमिकतामा राख्नुपर्छ', उनले भने, 'राजनीतिक तहबाट पनि यसबारे छलफल अघि बढाउनुपर्छ ।'
आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीको अध्यक्षता कार्यक्रममा स्वास्थ्यमन्त्री खेमबहादुर सारु, वन तथा वातावरणमन्त्री देवकरण कलवार, प्रमुख सचिव बाबुराम अधिकारी,प्रदेश योजना आयोगका उपाध्यक्ष डा.डिल्लीराज अर्याललगायत मन्त्रालयका सचिवहरूले अहिलेसम्मका उपलब्धि र भावी योजनाका बारेमा आफ्ना धारणा राखेका थिए । कार्यक्रममा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव डिलाराम पन्थीले समीक्षा प्रतिवेदन प्रस्तुत गरेका थिए । रासस

# कालीगण्डकी संरक्षणका लागि पाँचबुँदे घोषणापत्र



**तनहुँ ।**
तनहुँको देवघाट गाउँपालिका– ५ स्थित महेश सन्यास आश्रम रामानन्द अनुसन्धान केन्द्रको आयोजनामा सम्पन्न गण्डकी सभ्यताको संरक्षणका निम्ति गण्डकी विमर्श सभाले कालीगण्डकी नदी संरक्षणका लागि पाँचबुँदे 'गण्डकी घोषणापत्र' जारी गरेको छ ।
पाँचबुँदे घोषणामा पवित्र कालीगण्डकी नदीलाई संसारभरका हिन्दू सनातनीको सांस्कृतिक सम्पदा र नेपालको राष्ट्रिय नदीका रूपमा स्थापित गर्न अभियान सञ्चालन गर्ने, कालीगण्डकीको प्राकृतिक स्वरूप र अविरल स्वच्छ प्रवाह सुरक्षित गर्ने, गण्डकीको तल्लो तटीय क्षेत्रसम्म शालग्रामको निर्बाध उपलब्धतामा बाधा–व्यवधान गर्ने मानवीय अतिक्रमण र दोहनको विरोध गर्ने, गण्डकीका गर्भक्षेत्रमा हुने मानवीय प्रदूषण (फोहोर, मैला, मल–मूत्र विसर्जन) को निराकरणका निम्ति जनचेतनाका कार्य गर्ने तथा कृष्णागण्डकीको दुर्लभ महत्व र सौन्दर्यको प्रचार–प्रसार गरी धार्मिक पर्यटनको प्रवद्धनका निम्ति सन्तहरूको अगुवाइमा कृष्णागण्डकी पदयात्रा आयोजना गर्ने उल्लेख छ ।
वैदिक चेतनाका मूल स्रोत हिमवत्खण्डका पावन हिमशृङ्खलाबाट निःसृत, संसारका सनातनी हिन्दू समुदायको आस्थाको केन्द्र, पवित्र कृष्णागण्डकीको प्राकृतिक स्वरुप र अविरल स्वच्छ प्रवाहलाई संरक्षण गर्दै गौरवशाली गण्डकी सभ्यताको प्रवद्धन गर्ने उद्देश्यले आश्रममा विमर्श सभा गरिएको महेश संस्कृत गुरुकुलका प्राचार्य फणीन्द्र पौडेलले जानकारी दिए ।कार्यक्रममा कालीगण्डकी नदीका बारेमा विद्यावारिधि गर्ने संरक्षणकर्ता डा.कुलराज चालिसेले कालीगण्डकी डाइभर्सनले पार्ने प्रभाव र असर, संरक्षणकर्मी रचना भट्टराईले कालीगण्डकी र शालिग्रामको महत्व, संरक्षणकर्मी अदिप्त गिरीले कालीगण्डकीमा मानवीय अतिक्रमण र त्यसले पारेको प्रभावको विषयमा, पृथ्वीनारयण क्याम्पस पोखराका प्राध्यापक डा रामचन्द्र बरालले कालीगण्डकीका तटवर्ती क्षेत्रमा हुने आध्यात्मिक चिन्तनका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए ।
रामानन्द अनुसन्धान केन्द्र पूर्वीय संस्कृति, धर्म, दर्शन, सभ्यता र ज्ञानविज्ञानको अध्ययन अनुसन्धानका निमित्त खोलिएको तथा विगतका दिनमा पूर्वीय वाङ्मय र सभ्यतासँग सम्बन्धित विचार–विमर्श गर्दै आएको छ । विमर्श सभामा कालीगण्डकी नदीको प्रचार–प्रसार, संरक्षण र सम्बद्र्धनमा लागिपरेका अभियानकर्मी, सरोकारवाला, स्थानीय निकाय, मठमन्दिर आश्रम तथा स्थानीय जनसमुदायको सहभागिता रहेको थियो । रासस

# मेची भन्सारले उठायो आठ अर्ब ८४ करोड राजस्व

**झापा ।**
मेची भन्सार कार्यालयले चालू आर्थिक वर्षको सात महिनामा आठ अर्ब ८४ करोड ८६ लाख ९८ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।
मेची भन्सार कार्यालयका सूचना अधिकारी गणपति कँडेलका अनुसार चालू आवको माघ महिनासम्ममा नौ अर्ब ६० करोड ९२ लाख १५ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य थियो । गत आव ०८०÷८१ को सोही अवधिमा राजस्व आठ अर्ब ९० करोड सात लाख ६७ हजार रुपैयाँ राजस्व संकलनको लक्ष्य रहेकामा त्यसमध्ये ७६.१० प्रतिशत मात्रै राजस्व संकलन भएको थियो ।
चालू आवको सात महिनामा पेट्रोलियम पदार्थको आयातबाट पाँच अर्ब २८ करोड १४ लाख २२ हजार रुपैयाँ राजस्व संकलन भएको छ । यसैगरी, तरकारीको आयतबाट ४४ करोड २५ लाख ४२ हजार रुपैयाँ, यातायातका साधन र तिनका पार्टपुर्जाबाट २४ करोड ७५ लाख ९१ हजार रुपैयाँ, दलहनबाट १५ करोड ९६ लाख ८५ हजार रुपैयाँ, खनिज उत्पादनबाट १५ करोड ७३ लाख २५ हजार रुपैयाँ राजस्व संकलन भएको सूचना अधिकारी कँडेलले जानकारी दिए ।
चालू आवको सात महिनामा १६ अर्ब चार करोड ४८ लाख ६३ हजार रुपैयाँ बराबरको वस्तु निर्यात हुँदा नौ करोड २२ लाख २९ हजार रुपैयाँ र २७ अर्ब ३४ करोड ५३ लाख ८१ हजार रुपैयाँ बराबरको वस्तु आयात गरिँदा आठ अर्ब ७५ करोड ६४ लाख ६३ हजार रुपैयाँ राजस्व संकलन भएको छ । रासस

# गुप्ताले लिइन् दिल्लीको मुख्यमन्त्रीको शपथ

**नयाँ दिल्ली ।**
भारतीय जनता पार्टी (भाजपा) की विधायक रेखा गुप्ताले बिहीबार दिल्लीको मुख्यमन्त्री पदको शपथ ग्रहण गरेकी छिन् ।
शपथ ग्रहण समारोहमा प्रधानमन्त्री मोदीका अलावा भाजपाका अन्य नेताहरु पनि उपस्थित भएका थिए । समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी, संघीय गृहमन्त्री अमित शाह, युनियन मन्त्री जेपी नड्डा, रक्षामन्त्री राजनाथ सिंहलगायत भारतीय जनता पार्टीका शीर्ष नेता, अन्य राज्यका मुख्यमन्त्री र उपमुख्यमन्त्रीहरू उपस्थित थिए ।
दिल्लीको रामलीला मैदानमा आयोजित एक समारोहमा दिल्लीका उपराज्यपाल विनय कुमार सक्सेनाले गुप्तालाई पद तथा गोपनीयताको शपथ दिलाएका थिए ।
समारोहमा मुख्यमन्त्री गुप्ताले सपथ ग्रहण गरेसँगै उहाँको मन्त्रीमण्डलमा भाजपाका प्रवेश वर्मा, मनजिन्दर सिंह सिरसा, रविन्द्र इन्द्रराज सिंह, आशिष सूद, कपिल मिश्रा र पंकज कुमार सिंहले मन्त्रीपदको सपथ लिएका छन् ।
राष्ट्रपति द्रोपदी मुर्मूले गुप्तालाई मुख्यमन्त्रीको रूपमा औपचारिक जानकारी गराउँदै गृह मन्त्रालयले राजपत्रमा जारी गरेको सूचनामा भनिएको छ,'गुप्तालाई संघीय राजधानी क्षेत्र दिल्लीको मुख्यमन्त्रीको रूपमा नियुक्त हुनुभएको छ । मैले उहाँलाई दिल्लीको जिम्मेवारी सुम्पिन पाउँदा निकै खुशी लागेको छ । नियुक्ति शपथ लिएको मितिदेखि लागू हुनेछ ।'
७० सदस्यीय दिल्ली विधानसभामा भाजपाले ४८ सिट जितेको छ ।
सांसद रेखा गुप्ताले यो 'चमत्कार' र 'नयाँ अध्याय' भएको र यसले राजनीतिमा महिलाका लागि परिवर्तनकारी अध्यायको सुरुवात गरेको बताएकी छन् । पत्रकारसँग कुरा गर्दै गुप्ताले भ्रष्टाचारीलाई जवाफदेही बनाउने प्रतिबद्धता व्यक्त गर्दै हरेक रुपैयाँको दुरुपयोगको जवाफ उनीहरूले दिनुपर्ने बताइन् ।
'यो एक चमत्कार हो, यो एक नयाँ प्रेरणा र नयाँ अध्याय हो । यदि म मुख्यमन्त्री बन्न सक्छु भने यसको अर्थ सबै महिलाका लागि बाटो खुला छ ।'
उनले आफ्नो नेतृत्वमा रहने सरकारले जो कोही भ्रष्टाचारी भए पनि एक–एक रुपैयाँको हिसाब किताब माग्ने बताइन् । साथै, उनले भारतीय जनता पार्टीको उच्च नेतृत्वप्रति कृतज्ञता व्यक्त गर्दै राष्ट्रिय राजधानीमा शासन गर्न आफूमाथि विश्वास गरेकोमा आभार व्यक्त गरिन् । उनले भनिन्,'मैले आफ्नो नेतृत्वको जिम्मेदारीको पूरा ईमानदारीका साथ पूरा गर्नेछु । मेरो पहिलो प्राथमिकता हाम्रो पार्टीले गरेका सबै प्रतिबद्धताहरू पूरा गर्नु हो र दोस्रो प्राथमिकता भनेको हाम्रा सबै ४८ विधायकहरूले टीम मोदीको रूपमा काम गर्नेछन् ।'
यसअघि, भारतीय जनता पार्टी (भाजपा) का नवनिर्वाचित विधायकहरूको बैठकले रेखा गुप्तालाई विधायक दलको नेतामा चयन गरेको थियो ।
यसैबीच, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गुप्ताको तल्लो तहको देखि महत्वपूर्ण राजनीतिदेखि मुख्यमन्त्री पदसम्मको यात्राबारे प्रकाश पार्दै उनको नेतृत्वमाथि विश्वास व्यक्त गरेका छन् ।
प्रधानमन्त्री मोदीले भनेका छन्,'गुप्ताजीलाई दिल्लीको मुख्यमन्त्री को रूपमा शपथ लिनुभएकोमा बधाई । उहाँ क्याम्पसको राजनीति, राज्य सङ्गठन, नगरपालिका प्रशासन र अहिले विधायक र मुख्यमन्त्रीमा सक्रिय हुनुहुन्छ । मलाई विश्वास छ, उहाँले दिल्लीको विकासका लागि पूर्ण उत्साहका साथ काम गर्नुहुनेछ । फलदायी कार्यकालका लागि उहाँलाई मेरो शुभकामना ।' रासस

# बिक्री भएन ऊन, विस्थापित हुने जोखिममा 'भेडिहार'

**भैरहवा ।**
रुपन्देहीको कोटहीमाई गाउँपालिका– ५ देवनबक्सापुरका रामायन पाल विगत २० वर्षदेखि भेडा पालन गर्दै आएका छन् । उनको अधिकांश समय घर बाहिर नै बित्ने गरेको छ ।
भेडा चराउन पाल मर्चवार मात्र नभई भैरहवा, लुम्बिनीलगायत क्षेत्रमा लैजान्छन् । करिब तीन सय भेडाबाट सुरु भएको 'भेडिहार' पालको यो यात्रामा बिराम लाग्ने अवस्था उत्पन्न भएको छ । हाल उनीसँग ३५ वटा मात्र भेडा छन् । यसअघि चरन क्षेत्रको समस्या थियो नै अब भेडाको ऊन नै बिक्री हुन छाडेपछि पाल मात्र होइन भेडिहार समुदायको पेसा नै लोप हुने अवस्था छ ।
मर्चवारको मुख्य बाटोमा भेडाको रौँ काटेर यत्रतत्र फालिएको भेटिन्छ । भेडाको ऊन बिक्री हुन छोडेपछि भेडिहारले जहा रौँ काट्यो त्यही छोडेर हिँड्ने गरेका छन् । ऊन नै बिक्री हुन छोडेपछि विस्तारै उहाँहरुको रुचि यसबाट घट्न थालेको छ ।
'पहिला मसँग तीन सय बढी भेडा थिए, ऊन पनि एक सय किलोभन्दा बढी बेच्ने गरेको थिएँ ।' पाल भन्छन्, 'केही वर्षयता ऊन बिक्रै छोडेको छ । त्यसैले अहिले सङ्ख्या घटाएर ३५ मात्र पालेको छु ।'
यसअघि विभिन्न स्थानबाट क्रेताहरु भेडिहार खोज्दै उनीहरुको घर वा चरनस्थलमै पुग्ने गरेका थिए । तराईमा सामान्यतः भेडाको मासु पनि खाइँदैन । त्यसैले भेडा पाल्नेको अब आम्दानीको



स्रोत शून्य भएको छ ।
भेडाको ऊनबाट बनेका कपडामा उपभोक्ताको रुचि घट्दै गएको कारण ऊन बिक्री नभएको कोटहीमाई गाउँपालिका–३ कुडसर बस्ने वरुनदेव पाल बताउँछन् । 'पहिला भेडाको ऊनबाट बनेको कपडाको माग उच्च रहेको थियो र यस पेसाबाट धानिन बल पुगेको थियो ।' उनले भने, 'अहिले त्यस्ता उद्योग बन्द हुँदै गएकाले पनि यसको माग नभएको हुन सक्छ ।'
भेडाको ऊनबाट कम्बल, स्विटर, टोपीलगायत न्याना कपडा बुनिन्छ तर आधुनिक ब्लाङकेटले यसलाई विस्थापित गरेको छ । ब्लाङकेट रु दुईदेखि तीन हजारमा पाइन्छन् तर ऊनबाट बनाइएका कम्बल तुलनात्मक रुपमा महँगा भएकाले ऊनको माग घटेको उहाँको बुझाइ छ ।
यसबाहेक अहिले तराईमै भेडाहरुको लागि चरन क्षेत्रको समस्या पनि छ । 'पहिला धेरै खेत थिए चरन क्षेत्र पनि प्रशस्त हुन्थ्यो', स्थानीय नापु पालले सुनाए,'चरनक्षेत्र अभावमा अब भेडा पाल्न गाह्रो छ ।'
मर्चवारको कोटहीमाई गाउँपालिका–३ र ५ को सम्मरीमाई गाउँपालिकालगायत जिल्लामा भेडा पाल्नेहरु उल्लेख्य सङ्ख्यामा थिए । एक दशकअघि ३० हजारभन्दा बढी भेडा आफूहरुले पालेको पाल बताउँछन् । चरन क्षेत्रको कमी, ऊन र दूध र मासु पनि बिक्री नहुने भएपछि घरखर्च जुटाउन बाध्य भएर वैकल्पिक पेसामा लाग्नुपरेको उनको गुनासो छ ।
भेडापालकलाई जोगाउन स्थानीय सरकारले सघाउनुपर्ने स्थानीयको माग छ ।
स्थानीय समाजसेवी गणेश पाल परम्परागत पेसालाई जोगाउन स्थानीय सरकारले सघाउनुपर्नेमा जोड दिन्छन् । ऊन खरिद र बजारीकरणमा पालिकाले सहयोग गर्नुपर्ने उनको सुझाव छ । यसले 'एक स्थानीय तह, एक उत्पादन'को नीति कार्यान्वयन गर्न सहयोग पुग्ने उनी बताउँछन् । रासस

# दिल्लीको मुख्यमन्त्रीमा रेखा गुप्ताले मारिन बाजी



रेखा गुप्ता दिल्लीकी नयाँ मुख्यमन्त्री बनेकी छिन् । उनले बिहीबार मुख्यमन्त्रीको शपथ लिएका छन् । बुधबार, उनलाई भारतीय जनता पार्टीले विधान दलको नेतामा निर्वाचित गरेको थियो । रेखा गुप्ताले दिल्लीमा पनि कडा विरोधको सामना गर्नेछिन् र देशको राजधानी भएकोले, सम्पूर्ण विश्वको नजर दिल्लीमा छ । यस्तो अवस्थामा रेखा गुप्तालाई दिल्लीको मुकुट जित्न सजिलो नहुने विश्लेषकहरू बताउँछन् । उनले पार्टी भित्र र बाहिर दुवैतिर चुनौतीहरूको सामना गर्नेछिन् । दिल्लीमा राम्रो शासन प्रदान गर्ने र चुनावको समयमा भाजपाले गरेका वाचाहरू पूरा गर्ने चुनौती पनि हुनेछ । विशेष कुरा के छ भने आन्दोलनबाट निस्केको आम आदमी पार्टी(आप) दिल्लीमा पहिलो पटक विपक्षमा आएको छ, त्यसैले रेखा गुप्ताका अगाडि चुनौतीहरू ठूला हुन सक्छन्।

### को हुन रेखा गुप्ता

रेखा गुप्ता दिल्लीकी चौथो महिला मुख्यमन्त्री हुन् । उनीभन्दा अगाडि सुषमा स्वराज, शीला दीक्षित र आतिशी मार्लेनाले यो पद सम्हालिसकेका छन् । हालै सम्पन्न विधानसभा चुनावमा आतिशीले शालिमार बाग सिटबाट आम आदमी पार्टीकी बन्दना कुमारीलाई लगभग ३० हजार मतले पराजित गरिन । चुनावपछि दिल्लीमा मुख्यमन्त्री पदको दौडमा परवेश वर्मा, विजेन्द्र गुप्ता, अजय महावर र रेखा गुप्ता लगायत पार्टीका केही अन्य वरिष्ठ नेताहरूको नाम थियो । तर अन्ततः रेखा गुप्ताले यो दौड जितिन्।

रेखा गुप्ता मूल रूपमा हरियाणाकी हुन्। उनी वैश्य समुदायबाट आएकी हुन् र यी दुई पक्ष पनि उनको पक्षमा गए । वरिष्ठ पत्रकार तथा राजनीतिक विश्लेषक हेमन्त अत्री भन्छन्, 'एउटा आक्रमणसँगै भाजपाले आम आदमी पार्टीका संयोजक अरविन्द केजरीवालको राजनीतिलाई कुनामा पु¥याएको छ।' उनी आफ्नो हरियाणा पृष्ठभूमिले वैश्य समुदायलाई आकर्षित गरिरहेका थिए। भाजपाले त्यसलाई उल्टाइदिएको छ । हरियाणाले देशको राजधानी दिल्लीलाई तेस्रो मुख्यमन्त्री दिएको छ । पहिलो सुषमा स्वराज थिइन् । दोस्रो अरविन्द केजरीवाल र अहिले जिन्द जिल्लाको जुलाना क्षेत्रको नन्दगढ गाउँकी निवासी रेखा गुप्ता मुख्यमन्त्री बनेकी छन्।

### रेखाले कसरी मारिन बाजी

दिल्लीको मुख्यमन्त्री पदका लागि परवेश वर्माको नाम सबैभन्दा बढी चर्चामा थियो। उनी कहाँ पछाडि परे ? यस प्रश्नको जवाफमा हेमन्त अत्रीले भने, 'प्रवेश वर्माको घमण्ड, महत्वाकांक्षा र विवादास्पद बयानले उनको पतन साबित भयो ।' मुस्लिमहरू विरुद्धको उनको भनाइ पनि उनको पक्षमा गएन । अर्कोतर्फ, रेखा गुप्ताको आरएसएस र एबीभीपी पृष्ठभूमिसँगको लामो सम्बन्धले उनलाई राम्रो साथ दियो । अन्तिम समयमा युनियनले गरेको पैरवीले सम्पूर्ण खेल रेखाको पक्षमा मोडिदियो ।' अत्री भन्छन्, 'ब्राह्मण र वैश्यलाई भाजपाको मुख्य मतदाता मानिन्छ । दिल्लीमा लगभग सात प्रतिशत वैश्य छन् । रेखा गुप्तालाई मुख्यमन्त्री बनाएर, अरविन्द केजरीवालबाट वैश्य मत खोस्ने प्रयास पनि गरिएको छ ।' विश्लेषकहरू भन्छन् कि दिल्लीमा महिलालाई मुख्यमन्त्री बनाएर भाजपाले महिला मतदाताहरूलाई यो उनीहरूको हितमा काम गर्ने सन्देश दिन चाहन्छ । देशका २० राज्यमा एनडीए सत्तामा छ तर कुनै पनि राज्यमा महिला मुख्यमन्त्री थिइनन् । दिल्लीमा जितसँगै एनडीएको शासन २१ औं राज्यमा पुग्यो । विश्लेषकहरू भन्छन् कि रेखा गुप्ता दिल्लीको मुख्यमन्त्री बन्नु पनि राज्यहरूमा जातीय समीकरण सिर्जना गर्ने भाजपाको रणनीतिको एक हिस्सा हो। राजनीतिक विश्लेषक तथा वरिष्ठ पत्रकार अनन्त मिश्र भन्छन्, 'भाजपाले एउटै तीरले तीन निशानामा प्रहार गरेको छ । रेखा गुप्तालाई मुख्यमन्त्री बनाएर भाजपाले महिला, वैश्य समुदाय र संघलाई तुष्ट पार्ने प्रयास गरेको छ । बिहार र पश्चिम बंगालको चुनावमा, भाजपाले यसलाई कतै महिलाहरूलाई आकर्षित गर्न प्रयोग गर्नेछ । उनी भन्छन्, 'भाजपाले देशमा जातीय समीकरणलाई सन्तुलनमा राख्ने र हरेक वर्गबाट प्रतिनिधित्व प्रदान गर्ने प्रयास गरेको छ । राजस्थान र महाराष्ट्रमा ब्राह्मण मुख्यमन्त्रीहरू छन् । उत्तर प्रदेश र उत्तराखण्डमा क्षत्रिय मुख्यमन्त्रीहरूले शासन गर्छन् ।' 'मध्य प्रदेश र हरियाणामा अन्य पिछडिएका वर्गका मुख्यमन्त्री बनाइएका छन् । जबकि ओडिशा र छत्तीसगढमा आदिवासी वर्गबाट मुख्यमन्त्री बनाइएका छन् । यस्तो अवस्थामा वैश्य वर्गबाट महिलालाई मुख्यमन्त्री बनाएर सबैलाई साथमा लिएर जाने मनसाय देखाइएको छ ।' के रेखा गुप्ताले पार्टीमा गुटबन्दीको सामना गर्नुपर्नेछ ? किनभने यसअघि पनि दिल्लीको भाजपा सरकारमा गुटबन्दी देखिएको छ । के उनी एलजीसँग समन्वय गरेर काम गर्न सक्षम हुनेछिन् ? यस प्रश्नमा हेमन्त अत्री भन्छन्, 'अब भाजपाको शासनमा एलजीले कुनै चुनौती दिने छैन । उहाँले मन्त्रिपरिषद्को हरेक मामिलालाई सहज रूपमा अगाडि बढाउनुहुनेछ । अर्कोतर्फ, अरविन्द केजरीवालले व्यक्तिगत रूपमा आक्रामक हुनु अघि दस पटक सोच्नुपर्नेछ।'

उनी भन्छन्, 'रेखा गुप्ता एक महिला हुन् र केजरीवालकै भूमि र वर्गकी हुन्। यस्तो अवस्थामा, अरविन्द केजरीवाल नीतिहरूमा आक्रामक हुनेछन् र यो आक्रामकता रेखा गुप्ता विरुद्ध होइन, भाजपा विरुद्ध हुनेछ ।' अनन्त मिश्र भन्छन् कि गुटबन्दीको त्यस्तो व्यक्तिमाथि कम प्रभाव पर्नेछ जसलाई प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाह आफैंले प्रवद्र्धन गरेका छन् र जसलाई संघले समर्थन गर्छ। उनी भन्छन्, 'दोस्रो कुरा, दिल्ली भाजपामा कोही पनि धेरै वरिष्ठ नेता छैनन् र वर्तमान नेताहरू सबै समान छन् । रेखा गुप्ता पनि सोही संस्थामा छिन् र उनलाई पूर्व मेयरको अनुभव छ। उनी ३० वर्षदेखि सक्रिय राजनीतिमा छिन् । यस्तो अवस्थामा गुटबन्दी रोक्न र सन्तुलन कायम राख्न उनको अनुभव उपयोगी हुनेछ । भाजपामा विद्रोह कुनै पनि हालतमा सहन गरिँदैन। विश्लेषकहरू भन्छन् कि दिल्लीकी नयाँ मुख्यमन्त्रीले हाल कुनै राजनीतिक चुनौतीहरूको सामना नगरे पनि, उनले राजधानीमा उत्कृष्ट शासन प्रदान गर्नुपर्नेछ।

### अबको चुनौति

देशको राजधानी सफा पानीको अभाव, प्रदूषण, राम्रो पूर्वाधारको अभाव र कानून व्यवस्थासँग जुधिरहेको छ । दिल्लीको चुनावी अभियानको क्रममा भाजपाले यसलाई विकसित देशको राजधानी बनाउने दाबी गरेको थियो । यसका साथै, भाजपाले दिल्लीका मतदाताहरूलाई गरेका वाचाहरू पनि पूरा गर्नुपर्नेछ । यसमा सबैभन्दा महत्त्वपूर्ण मुद्दा भनेको महिला मतदाताहरूलाई हरेक महिना पैसा दिने र यमुनाको सफाई गर्ने विषय हो। रेखा गुप्ताले कुन शासन मोर्चामा लड्नु पर्नेछ हेरौं । देशका धेरै राज्यहरूमा सम्पन्न विधानसभा चुनावमा महिला मतदाताहरूको खातामा सिधै पैसा पठाउने रणनीति राजनीतिक दलहरूका लागि फाइदाजनक साबित भएको छ । हालैका दिनहरूमा, महिला मतदाताहरूलाई हरेक महिना पैसा दिने चुनावी वाचा पहिलो पटक मध्य प्रदेशमा भाजपाले गरेको थियो। यहाँ महिलाहरूलाई हरेक महिना १२०० रुपैयाँ दिने वाचा गरिएको थियो र अब यसलाई बढाएर ३००० रुपैयाँ पु¥याउने कुरा भइरहेको छ । शिवराज सिंहको नेतृत्वमा भाजपाको जितमा लाडली बहना योजना अन्तर्गत गरिएको यो वाचाले महत्वपूर्ण भूमिका खेलेको मानिन्छ। त्यसैगरी, महाराष्ट्रमा 'लडकी बहेन' र झारखण्डमा झारखण्ड मुक्ति मोर्चाले 'मैया सम्मान योजना' अन्तर्गत महिला मतदाताहरूलाई हरेक महिना पैसा दिने घोषणा गरे । तिनीहरूको प्रभाव देखिन्थ्यो । यसले महाराष्ट्रमा शिवसेना (शिन्दे), एनसीपी (अजित पवार) र भाजपाको महागठबन्धनलाई चुनाव जिताउन र हेमन्त सोरेनको झारखंड मुक्ति मोर्चा र कांग्रेसको गठबन्धनलाई झारखंडमा चुनाव जिताउन महत्वपूर्ण भूमिका खेलेको मानिन्छ। दिल्ली चुनावमा भाजपाले घोषणा गरेको थियो कि यदि उसको पार्टीले सरकार बनायो भने, मार्च ८ सम्ममा महिला समृद्धि योजना अन्तर्गत दिल्लीका महिला मतदाताहरूलाई २५०० रुपैयाँको पहिलो किस्ता दिनेछ। आगामी केही हप्ताहरूमा रेखा गुप्ताको सरकारको लागि सबैभन्दा ठूलो चुनौती भनेको पैसा महिलाहरूसम्म सही रूपमा पुग्ने कुरा सुनिश्चित गर्नु हुनेछ। भाजपाले यहाँ गर्भवती महिलाहरूलाई २१ हजार रुपैयाँ दिने वाचा गरेको थियो। उनले दिल्लीमा आयुष्मान भारत योजना लागू गर्ने वाचा पनि गरे । यसका लागि, दिल्लीमा चिकित्सा पूर्वाधार बलियो बनाउनु पर्नेछ । दिल्लीमा 'डबल इन्जिन' सरकारको वाचा गर्दै सत्तामा आएको भाजपाले यी योजनाहरू कति प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्छ भनेर हेर्न रोचक हुनेछ । दिल्ली चुनावमा यमुना नदीलाई प्रदूषणमुक्त बनाउने वाचा ठूलो मुद्दा थियो । यस मुद्दामा केजरीवाल सरकार र भाजपाबीच तीव्र लडाइँ भयो । दुवैले यमुनाको प्रदूषणको लागि एकअर्कालाई दोष लगाए । २०१५ मा आम आदमी पार्टीले भनेको थियो कि यदि उनको सरकार बनेमा दुई वर्ष भित्र यमुना यति सफा हुनेछ कि मानिसहरूले यसमा डुब्न सक्नेछन् । तर यो भएन । विश्लेषकहरू भन्छन् कि भाजपाले यमुना सफा गर्ने वाचा पनि गरेको छ। तर रेखा गुप्ताको सरकारको अगाडि सबैभन्दा ठूलो चुनौती भनेको दिल्लीको औद्योगिक फोहोरलाई यमुना नदीमा खस्नबाट रोक्नु हुनेछ। यसका साथै, गैर–मनसुन मौसममा यसमा पर्याप्त पानी सुनिश्चित गर्नु पनि ठूलो चुनौती हुनेछ । आम आदमी पार्टी दिल्लीमा सत्तामा हुँदा, वित्त विभागले राज्यको कमजोर आर्थिक अवस्थामाथि धेरै पटक प्रश्न उठाएको थियो। चुनावअघि आम आदमी पार्टी सरकारले राष्ट्रिय साना बचत कोषबाट १० हजार करोड रुपैयाँ मागेको थियो । आम आदमी पार्टी सरकारले दिइरहेको अनुदानमाथि अर्थ विभागले गम्भीर प्रश्न उठाएको थियो । भाजपाले आम आदमी सरकारले महिलाहरूलाई निःशुल्क बिजुली, पानी र बस यात्रा लगायतका अनुदानहरू जारी राख्ने वाचा गरेको छ । राज्य र केन्द्र दुवै स्तरमा आफ्नै सरकार भएकाले दिल्ली सरकारले सुविधा पाउन सक्छ। तर क्षेत्रीय द्रुत पारवहन प्रणाली र योजना अन्तर्गत नयाँ विद्युतीय बसहरू चलाउन कोषको व्यवस्था गर्नु ठूलो चुनौती हुनेछ।

आम आदमी पार्टी सरकारले केन्द्र सरकार र उपराज्यपालको कार्यालयले दिल्लीमा शहरी विकास र पूर्वाधारको काम गर्न नदिएको लगातार आरोप लगाउँदै आएको छ । उनी सडक विकास र फोहोर व्यवस्थापनको सुचारु काममा अवरोध सिर्जना गरिरहेका छन् । विश्लेषकहरू भन्छन् कि अब दिल्लीको 'डबल इन्जिन' सरकारले सडक र फ्लाईओभरहरूको मर्मतसम्भारमा धेरै खर्च गर्नुपर्नेछ । भाजपा नेताहरूले भने कि यदि उनीहरूको पार्टी सत्तामा आयो भने, दिल्लीलाई विकसित देशको राजधानीको रूपमा हेरिनेछ। बीबीसी हिन्दीको सहयोगमा

# गाउँघरमा गुञ्जिन थाल्यो होलीको गीत

**मधेशदृष्टि**
**रौतहट ।**



होली पर्व नजिकिए सँगै अहिले तराई मधेशका गाउँघरमा होलीका गीतहरू गुञ्जिन थालेका छन् । होलीको परम्परागत भोजपुरी गीतहरू गाउँघरका माईक बज्न थालेको हो । गीत गुञ्जिन थालेपछि होली पर्व आउन लागेको भनी अभास हुन थालेको छ । होली पर्वको बेला गाउँ घरमा रातीको बेला गुञ्जिने होली गीत आजकल लोप हुँदै गएको छ । वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीबाट फागु पूर्णिमासम्म गाउने फागु गीत लोप हुँदै गएकोमा जोगिरा गायक रामसेवक यादव दुःखी छन् । 'आजकाल भोजपुरी गितहरू प्रायःजसो बजाउने गरिन्छ । जोगिरा गाउने प्रचलन अब हटेको छ । त्यो समय गित गाएर फागुन आएको संकेत गरिन्थ्यो । अब न त ढोल, मृदंग नै बजाईन्छ । न त फागु गीत नै गुञ्जिन्छ ।' यादवले भने, 'जोगीरा सरररर, कौन तालपर ढोलक बाजे कौन ताल मृदंङ कौन तालपर गोरिया नाँचे, कौन तालपर हम' भन्ने गीत, ढोल, मृदंग र डम्फूको स्वर अब कमै सुन्न पाईन्छ । यो हराएको भन्दा पनि हुन्छ ।'

यी सबैका कारण यूवा नै भएको उनको भनाई छ । अब यूवा पुस्ताको ध्यान यसतर्फ छैन् । ठूलाठूला डिजे बाजामा डान्स गर्छन् । पूराना संस्कृतिलाई बिर्सिरहेका छन् यूवा पुस्ता । समयको परिवर्तन र गाउँमा युवा रोजगारीमा विदेश गएपछि गीत कमै सुन्न मिल्छ । परापूर्वकालदेखि गाउँदै आएको होली गीत जोगीरा लोप हुँदै जाँदा बुढापाका यसको संरक्षणमा युवावर्ग अगाडि आउनुपर्ने देखिन्छ ।

# महाकुम्भमा काजल सोनीले बनाएको खाना मन पराइँदै

**मिश्रीलाल मधुकर**
**प्रयागराज ।**



मोनालिसा प्रयागराज कुम्भमा माला र रुद्राक्ष बेचेर निकै चर्चित भइन्, त्यसैगरी महाकुम्भमा एउटा छोरी पनि शाकाहारी खाना पकाएर आफ्नै हातले रोटी, तरकारी र दाल बनाएर भक्तहरूलाई खुवाउने गरेको कुरा अहिले निकै चर्चामा छ । कुम्भमा नुहाउन आएकी अलका सोनी तथा उनकी आमा भगदडका समय कुम्भमा थिए ।

सुगर(मधुमेह)की रोग उनी रोटी तथा बिना मशला खानाको लागि मेलाभरी भौतारिइन् । तर, कतै पाइएन् । यस्ता विरामीहरुलाई खाना खुवाउन सोनी आमाछोरीले भाडाकुडा, ग्यास र सानो टेन्टको व्यवस्थापन गरेर होटल खोलिन् । सुगर र उच्चरक्तचाप बिरामीका लागि उनीहरुले तयार पारेको खाना वरदान सावित भइरहेको छ । भागदौडमा धेरै भक्तजनहरु आफ्नो परिवारबाट छुटिएका थिए, जसमा मधुमेह र अन्य रोगबाट ग्रसित केही वृद्धवृद्धाहरु पनि थिए ।

महाकुम्भमा बिना मशालाको तरकारी, रोटी र खाना नपाएको भन्दै आमा साधना सोनीले एउटा सानो टेन्ट राखेर वृद्धवृद्धालाई खुवाउन थालिन् ।

उनीहरुले खानामा पाँच वटा रोटी, दाल, तरकारी, चटनी र सलाद दिन्छन् । रोटी वा चामल किन्नको लागि थोरै शुल्क लिइन्छ । आजमगढ निवासी काजल सोनी एमए (गृह विज्ञान)की विद्यार्थी हुन् ।

# दर्ताबिनै सञ्चालनमा रहेका १७ वटा निजी अस्पताल बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**

मधेश प्रदेशका वीरगंज, जनकपुर, बर्दिबास र लालगढमा दर्ताबिनै सञ्चालनमा रहेका १७ वटा निजी अस्पताललाई प्रदेश सरकारले बन्द गराएको छ । त्यस्ता अस्पताललाई बन्द गरी सरकारी प्रक्रियामा आउन प्रदेश सरकारले निर्देशन पनि दिएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुरका ४० निजी अस्पतालको छड्के निरीक्षण गरेका थिए । त्यसमध्ये १५ वटा अवैध रहेको खुलेको छ । मुख्यमन्त्री सिंहले बुधबार वीरगंजकापनि ७ वटा निजी अस्पतालको छड्के निरीक्षण गरेका थिए । जसमध्ये दर्ताबिना नै सञ्चालनमा रहेको नेपाल इन्डो हस्पिटल एण्ड आई सेन्टरलाई बन्द गरिएको जनस्वास्थ्य अधिकृत सन्तोष ठाकुरले जानकारी दिए । उनका अनुसार वीरगंजमा छड्के गरिएका ७ अस्पतालमध्ये १ बन्द गरिएको र दुईवटा निजी अस्पतालले नवीकरण नगराएको भेटिएको छ । यस्तै, मधेश प्रदेश स्वास्थ्य मन्त्रालयका जनस्वास्थ्य अधिकृत सन्तोष ठाकुरका अनुसार सरकारी मापदण्ड पूरा नगरेका जनकपुरका १५ वटा निजी अस्पतालमा ताला लगाइएको छ । ठाकुरले जनकपुरका १६ वटा निजी अस्पतालले नवीकरण नगरी सञ्चालन गरिरहेको पाइएको बताए । 'छड्के गरिएका जनकपुरका ९ वटा निजी अस्पतालको भने सबै प्रक्रिया दुरुस्त देखिए,' उनले भने, 'दर्ता नरहेका अस्पताललाई बन्द गरिएको छ भने नवीकरणबिना सञ्चालनमा रहेका अस्पताललाई प्रक्रियामा आउन भनिएको छ । मधेश सरकारले महोत्तरीको बर्दिवास र धनुषाको लालगढका रहेका निजी अस्पतालको पनि छड्के अनुगमन गरेको छ । लालगढमा रहेका दुई निजी अस्पतालमध्ये लालगढ हेल्थ केयरको दर्ता नरहेकाले बन्द गरिएको र बर्दिवासको सिटी केयर अस्पतालले नवीकरण नगराएको भेटिएको ठाकुरले जानकारी दिए ।

# नारायणी अस्पतालमा चिकित्सक तथा स्वास्थ्यकर्मी अभाव

**मधेशदृष्टि**
**वीरगंज ।**



वीरगंजस्थित नारायणी अस्पतालमा चिकित्सक तथा स्वास्थ्यकर्मी अभावका कारण समस्या भइरहेको छ । अस्पतालमा कार्यरत १६ जना चिकित्सक सहित ३४ जना स्वास्थ्यकर्मी विभिन्न सरकारी अस्पतालहरूमा काजमा खटिएका छन् । स्वास्थ्य मन्त्रालयले उनीहरूलाई फिर्ता बोलाउन आनाकानी गरिरहेको अस्पताल प्रशासनले जनाएको छ ।

बिरामीहरूको चाप बढ्दै गएपनि आवश्यक विशेषज्ञ चिकित्सक नहुँदा सेवा प्रवाह प्रभावित भएको छ । रेडियोलोजी विभाग चिकित्सक विहीन बनेको छ । रेडियोलोजिस्ट डा. पुष्पराज अधिकारी बिरामी बिदामा छन् भने अर्का रेडियोलोजिस्ट डा. दिवस सापकोटा भरतपुर अस्पतालमा काजमा रहेका छन् ।

एनेस्थेसियोलोजिस्ट डा. मञ्जु महर्जन परोपकार प्रसूति अस्पतालमा काजमा रहेकाले नारायणी अस्पतालमा सहायकहरूकै भरमा बेहोस गराएर शल्यक्रिया गरिँदै आएको छ ।

त्यस्तै, अन्य विभिन्न विशेषज्ञ चिकित्सकहरू पनि काजमा छन् ।

ग्यास्ट्रोलोजिस्ट डा. अरुण ज्ञवाली लुम्बिनी प्रदेशको मुख्यमन्त्री कार्यालयमा, नेफ्रोलोजिस्ट डा. नीरज ढकाल वीर अस्पतालमा, डेन्टल सर्जन डा. वर्षा थापा लुम्बिनी प्रदेशमा, छालारोग विशेषज्ञ डा. आनन्द नेपाल पोखरा क्षेत्रीय अस्पतालमा र अर्थोपेडिक सर्जन डा. भरतबहादुर खत्री अन्य स्थानमा कार्यरत छन् । नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दासका अनुसार, चिकित्सक अभाव पूर्ति गर्न दुई पटक आवेदन आह्वान गरिएको थियो, तर कसैले चासो देखाएका छैनन् । उनले स्वास्थ्य मन्त्रालय र स्थानीय जनप्रतिनिधिहरूलाई तत्काल समाधानका लागि पहल गर्न आग्रह गरेका छन् ।

# कुम्भमेलाबाट फर्किंदै गरेकी महिलाको दुर्घटनामा मृत्यु, पाँच जना घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**



महाकुम्भबाट नुहाएर फर्किंदै गरेको रक्सौलकी एक महिला श्रद्धालुको दुर्घटनामा मृत्यु भएको छ । दुर्घटनामा महिलाकी कान्छो छोरा सन्नी गुप्ता, जेठा छोरा र बहिनीसहित ५ जना गम्भीर घाइते भएका छन् । बिहीबार बिहान पश्चिम चम्पारणको बेतिया चपवा रोडमा सो दुर्घटना भएको हो । बिहान करिब ४ बजे पश्चिम चम्पारणस्थित राष्ट्रिय राजमार्ग नम्बर ७२७ को अमवा मानको बाउन्ड्री पर्खालमा तीव्र गतिको स्कार्पियोले ठक्कर दिँदा स्कार्पियोमा सवार ५० वर्षीया महिला मीरादेवीको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । बाँकी पाँचजना गम्भीर घाइते भएको जानकारी पाएपछि मझोलिया ११२ नम्बरको मोबाइल टोली घटनास्थलमा पुगेर घाइतेहरूलाई उपचारका लागि बेतिया जीएमसीएचमा पठाइएको थियो । जसमा सन्नी गुप्ता र उनकी भाउजु आभा देवीको मुजफ्फरपुरमा उपचार भइरहेको छ । दुर्घटनामा परेकी मिरादेवी, आभा देवी भारत बिहारको रक्सौल र सोनु साह, सलोनी कुमारी, पूजा देवी नेपालको सर्लाहीको रहेको बताइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको भारतीय प्रहरीले जनाएको छ ।

# किर्ते अभियोगमा मालपोत र नापी कार्यालयका कर्मचारीविरुद्ध मुद्दा दर्ता

**मधेशदृष्टि**
**वीरगंज ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारी लिखत किर्ते गरी जग्गा बिक्री गरेको अभियोगमा बाराका मालपोत कार्यालय र नापी कार्यालयका विभिन्न कर्मचारीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । आयोगका अनुसार बाराको साबिक डुमरवाना गाविस वडा नं–६ मा रहेको जग्गाको श्रेस्ता किर्ते गरी क्षेत्रफल बढाई बिक्री गरिएको उजुरीका आधारमा अनुसन्धान गर्दा मालपोत र नापी कार्यालयका कर्मचारी तथा संलग्न अन्य व्यक्तिहरूले मिलेमतो गरी गैरकानूनी लाभ लिएको पुष्टि भएको छ । अख्तियारको अनुसन्धानमा खुल्न आए अनुसार जीतपुर सिमरा उपमहानगरपालिका–१५ निवासी सुदामा प्रसाद चौधरीले आफ्नी पत्नी रामपति देवी थरुनीको नाममा रहेको जग्गाको क्षेत्रफल बढाई बिक्री गर्न लेखापढी व्यवसायी जयलाल सहनीलाई १ लाख ५० हजार रुपैयाँ घुस दिएको पाइएको छ । सहनीले उक्त रकम तत्कालीन नापी कार्यालय बारामा कार्यरत सर्वेक्षक सुनिल कुमार झालाई बुझाएका थिए । उनैले अन्य कर्मचारीहरूलाई समेत सो रकम बाँडेको अख्तियारले जनाएको छ । उक्त घुस लिई नक्सा हेरफेर गरी मालपोत कार्यालयमार्फत गलत लिखत तयार पारिएको आयोगका सहायक प्रवक्ता देवी प्रसाद थपलियाले जानकारी दिए । अख्तियारले विशेष अदालत, काठमाडौंमा आरोपित व्यक्तिहरूमाथि भ्रष्टाचार निवारण ऐन २०५९ को विभिन्न दफाहरूअनुसार कारबाहीको माग गर्दै आरोप–पत्र दायर गरेको छ ।

# गाजा र चरेस सहित दुई जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्सा प्रहरीले वीरगंजबाट लागु औषध गाजा र चरेस सहित दुई जनालाई पक्राउ गरेको छ । गोप्य सूचनाको आधारमा प्रहरी चौकी ईनर्वाबाट खटिएको प्रहरी टोलीले नेपालबाट भारततर्फ जाने तथा भारतबाट नेपालतर्फ आउने सवारी साधन तथा पैदलयात्रीहरूलाई चेकजाँच गर्ने क्रममा भारत बंगाल जिल्ला नदिया थाना बधकुल्ला बजार कोलनी बस्ने २८ वर्षीय राज अधिकारीलाई पक्राउ गरेको हो ।

प्रहरीले उनको साथबाट लागू औषध गाँजा जस्तो देखिने पदार्थ ६ किलो ३०० ग्राम र प्लाष्टिकले बेरी राखिएको लागूऔषध चरेश जस्तो देखिने पदार्थ खुला २ किलो १०० ग्राम बरामद गरेको पर्सा प्रहरी प्रवक्ता सुबास भट्टले बताए । पक्राउ परेका अधिकारीलाई जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यसैबीच सोहि स्थानबाट वीरगंज महानगरपालिका वडा नं.१६ बसपार्कमा घरकोठा भाडामा लिइ बस्ने ३० वर्षीया आरती यादवलाई पक्राउ गरेको हो । प्रहरीले यादवले बोकेको ब्यागमा रातो रंगको ग्यालेन भित्र प्लाष्टिकमा सानो सानो पोकामा लुकाइ छिपाई राखिएको लागु औषध चरेश जस्तो देखिने पदार्थ ग्यालेन विनाको ११ के.जी. ४०० ग्राम बरामद गरेको पर्सा प्रहरी प्रवक्ता सुबास भट्टले बताए ।

# रेडक्रसका नवनिर्वाचितको सपथ

**मधेशदृष्टि**
**वीरगंज ।**

नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाको नवनिर्वाचित कार्यसमितिको सपथ ग्रहण सम्पन्न भएको छ । बुधबार सम्पन्न निर्वाचनबाट सभापतिमा निर्वाचित वृजकिशोर पटेलसहित अन्य पदाधिकारी तथा सदस्यहरूले सपथ लिएका छन् । नयाँ कार्यसमितिमा उपसभापतिका रूपमा मधु राणा र भगवती चौधरी निर्वाचित भएका छन् भने मन्त्रीमा विनोद गिरी, कोषाध्यक्षमा दयाशंकर सिंह राजपुत र उपकोषाध्यक्षमा पवित्रा गजुरेल चयन भएका छन् । त्यस्तै, सदस्यहरूमा शिवनाथ प्रसाद यादव, दिनानाथ रौनियार, मदन प्रसाद गुप्ता, जितेन्द्र कुमार वर्मा, बाबुनन्द चौरसिया, अलिअसगर देवान, जयकान्त उपाध्याय, कविता खड्का, मूना खनाल र बबिता कुमारी कानु निर्वाचित भएका छन् । उपमन्त्री पदका लागि संतोष कुमार गुप्ता र साविर अहमद एराजले बराबर मत पाएपछि उक्त पदको सपथग्रहण स्थगित गरिएको निर्वाचन अधिकृत नारायण तिमिल्सिनाले जानकारी दिए ।


हार्दिक बधाई



दिल्ली प्रदेश के नवनिर्वाचित मुख्यमंत्री, भाजपा के वरिष्ठ नेत्री,अखिल भारतीय तेली महासभा महिला प्रकोष्ठ के महासचिव रेखा गुप्ता को मुख्यमंत्री बनने पर बधाई तथा सफल कार्यकाल की शुभकामना !

ललित कुमार साह (अध्यक्ष,नेपाल तेली कल्याण समाज धनुषा)
ई.शंभू प्रसाद साह (उपाध्यक्ष नेपाल तेली कल्याण समाज )
राम किशोर साह (अध्यक्ष, राम बहादुर साह तेली सेवा सदन जनकपुरधाम)


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन